# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

श्रावण अङ्क



धम्मवती गुरुमां शासन धज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित

DHARMAKIRTI

वर्ष- २० अङ्क- ४ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धम्मवती गुरुमाँ र धर्मकीर्ति विहार

हरेक व्यक्तिको व्यक्तित्त्व उसको अदम्य शाहस, समाज र देश प्रति उसको योगदान र निश्वार्थ भावनाले प्रष्टाइरहेको हुन्छ । यसरी नै हरेक व्यक्तिको महत्त्व उसको व्यक्तित्त्वमा भर परेको हुन्छ । आज हामी सामु त्यस्तै विशेष गुणहरूले सम्पन्न व्यक्तित्त्व धम्मवती गुरुमां रहनु भएको छ । जुन व्यक्तित्त्वले हामीलाई आदर्शको पाठ सिकाइरहेको छ । सामाजिक, धार्मिक, स्वास्थ्य, साहित्यिक, शैक्षिक र बौद्धिक आदि विभिन्न क्षेत्रहरूको उत्थान कार्यमा जुटिरहनु भएकी गुरुमांले सर्व प्रथम त आफ्नो जीवन धार्मिक क्षेत्रमा समर्पण गर्नु भएको छ ।

राणाकालिन शासनमा १४ वर्षिय वाल्यकालमा घर परिवार त्यागी बुद्ध शिक्षा अध्ययनार्थ संघर्ष गर्दै भारत देखि वर्मा सम्म पैदल यात्रा गरी बर्मा पुग्नुभयो । आखिर आफ्नो लक्ष पूरा गरी विजयी बनी वि.सं. २०२० सालमा नेपाल फर्कनुभयो । आफूले सिकेर आएको बुद्ध शिक्षालाई नेपालका अबोध जनताले पनि सिकेर उनीहरूले आफ्नो जीवन सफल पार्न सकुन् भन्ने उद्देश्यले वि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना गर्नुभयो । यसरी त्यसबेला देखि धर्मकीर्ति विहार धर्मप्रचार गर्ने एक मन्दिरको रूपमा रहेको छ ।

नारी जातीलाई शिक्षा सिकाउन हुँदैन भन्ने अन्धविश्वासी धारणा छाइरहेको त्यसबेलाको कुभावनालाई परिवर्तन गर्न धम्मवती गुरुमांले धर्मकीर्ति विहारमा नारी जागरण सम्बन्धि शिक्षा दिन थाल्नुभयो । महिनाको ५ पटक (पूर्णिमा, औंसी, अष्टमी २ पटक र संक्रान्ति) बुद्धपूजा कार्यक्रम संचालन गरी त्यस कार्यक्रममा नारी जागरणको साथसाथै समाजमा फैलिएका अन्य कुरीति र अन्धविश्वास हटाउने खालका विभिन्न नैतिक शिक्षाहरू देशना गर्नुभयो । उहाँको वाक सिद्धि, सरल र स्पष्ट वाक्यले थुप्रै धर्मप्रेमीहरूलाई सन्तुष्टी प्राप्त हुन थाल्यो । एउटी शिक्षित नारीले परिवारका सबै सदस्यहरूलाई शिक्षित पार्न सक्छे भन्ने धारणा लिनुहुने धम्मवती गुरुमांले नारी शिक्षालाई प्राथमिकता दिनुहुँदै नारी शोषण विरुद्ध कदम चाल्नुभयो र प्रौढ कक्षा संचालन गरी थुप्रै महिलाहरूलाई शिक्षा सिक्ने मौका दिनुभयो ।

समाजमा पहिला देखि चल्दै आएका कर्मकाण्डहरूले हाम्रो समाजमा फजुल खर्चमा बृद्धि गराइरहेको छ । साना किशोरीहरूलाई १२ दिन सम्म अँध्यारो कोठामा थुनी गुफा राख्ने चलन र थुप्रै नाता कुटुम्बहरू बोलाई भोज खुवाउनु पर्ने प्रथा स्वास्थ्यको दृष्टिकोणले पनि फलदायी नभएको र नचाहिंदो फजुल खर्च बढिरहेको कुप्रथा हटाउन धम्मवती गुरुमांले ऋषिनी प्रव्रज्या कार्यक्रम संचालन गर्नुभयो । यस कार्यक्रमले १२ दिनसम्म अँध्यारो कोठामा थुनिन बाध्य भएका बालिकाहरूले उज्यालो कोठामा बसी बुद्ध शिक्षा र नैतिक शिक्षाहरू सिक्ने मौका पाए र नचाहिँदो भोज भटेर गर्नै पर्ने बाध्यताबाट पनि छुटकारापाई समाज सुधार कार्य हुन पुगेको छ ।

धर्मकीर्ति विहारमा आउने थुप्रै वृद्ध महिलाहरूको स्वास्थ्य विषयमा ध्यान पुऱ्याउनु हुने धम्मवती गुरुमांको सकृयतामा धर्मकीर्ति स्वास्थ्य कमिटी स्थापना गरी प्रत्येक शनीवार निशुल्क स्वास्थ्य क्लिनिकको व्यवस्था संचालित छ । त्यतिमात्र होइन पहिला समय समयमा काठमाडौं बाहिर गाउँ गाउँमा धर्मकीर्ति विहारको आयोजनामा थुप्रै निशुल्क स्वास्थ्य शिविरहरू संचालन गरी स्वास्थ्य सेवाहरू पुऱ्याउँदै आएको छ ।

आजका युवाहरू उचित शिक्षा पाएमा भोलीका कर्णधार बन्न सक्ने भएकाले सर्वप्रथम उनीहरूको आचरणमा सुधार ल्याउन आवश्यक भएकोले धम्मवती गुरुमांको सकृयतामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना गरियो । यस गोष्ठीले तालिम दिएका थुप्रै युवाहरूको सक्रियतामा काठमाडौं बाहिरका थुप्रै गाउँहरूमा धर्मप्रचार कार्यक्रमहरू संचालन भइसकेका छन् । तर यस कार्यक्रम पहिला भन्दा आजभोली सिथिल भएको महशुस गरिएको छ ।

आफ्ना उपासक उपासिकाहरूलाई भारत, बर्मा, थाइलैण्ड, श्रीलंका, मलेसिया, ताइवान आदि विभिन्न देशहरूमा तीर्थयात्रा गराई धर्म शिक्षा सिकाउने लक्ष अनुरुप गुरुमांले थुप्रै पटक तीर्थयात्रा कार्यक्रम थालनी गरिसक्नु भयो । फलस्वरूप थुप्रै धर्मप्रेमीहरूले यस कार्यक्रमबाट सकारात्मक नतीजा प्राप्त गर्न सकेका छन् ।

धम्मवती गुरुमांको सकृयतामा धर्मकीर्ति विहारका शाखाहरू बढ्दै गएका देखिन्छन् । ती मध्ये सुलक्षण कीर्ति विहार चोभार, पद्मकीर्ति विहार कमलपोखरी, धर्मकीर्ति बसुन्धरा विहार बसुन्धरा डोल, गौतमी विहार लुम्बिनी आदि हुन् । पुस्तक र पत्रिकाको माध्यमबाट पनि धर्म प्रचार हुन सके अझ जिल्लावासी धर्मप्रेमीहरूले पनि बुद्ध शिक्षा सिक्ने मौका प्राप्त गर्नेछन् भन्ने कुरालाई दृष्टिगत गरी धर्मकीर्ति बौद्ध अधयन गोष्ठी प्रकाशनको नेपाली, नेपालभाषा र अंग्रेजी भाषा गरी जम्मा २१४ थान धार्मिक पुस्तकहरू धर्मकीर्ति विहारबाट प्रकाशित भइसकेका छन् । यसरी नै धर्मकीर्ति मासिक पत्रिका हाल वर्ष २० को ४ औं अंकमा प्रकाशित भएको छ ।

धम्मवती गुरुमांको समाजसेवा कार्यक्रमको उद्देश्य अनुसार धर्मकीर्ति विहारका उपासक उपासिकाहरूबाट प्रत्येक पूर्णिमाको एकदिन अगाडि श्रीघ: चैत्य वरिपरि सरसफाई गर्ने कार्य हालसम्म पनि निरन्तर रूपमा संचालित छन् । यसरी आदर्शमयी गुणले भरिएकी धम्मवती गुरुमांको छत्रछाँयामा रही धर्मकीर्ति विहारले आफ्नो धार्मिक यात्रा सुचारूरूपले चलाइरहेको छ । धम्मवती गुरुमांको ६८ औं जन्मदिनको उपलक्षमा धर्मकीर्ति पत्रिकाको वर्ष २० को ४ औं अंक प्रकाशनको लागि गुरुमां स्वयंले आर्थिक व्ययभार व्यहोर्नु भएको छ । यसर्थ धम्मवती गुरुमां प्रति धर्मकीर्ति पत्रिकाले साधुवाद दिंदै उहाँको निरोगी र आध्यात्मिक सुखको कामना गर्दछ । *(वीर्यवती)*

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६



कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*


APRIL 2002

| वर्ष- २० | अङ्क- ४ | गुरु पुन्ही | श्रावण २०५९ |
|---|---|---|---|





★ तुम्हेहि किच्चं आतप्पं अकखातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति झायिनो मारबन्धना ॥

अर्थ - काम त तिमीहरूले नै गर्नु पर्दछ, तथागतहरूले केवल मार्ग देखाइ दिन्छन् । त्यस मार्गको आचरण गरी ध्यान अभ्यासी भएर मार को बन्धनबाट मुक्त हुनुपर्छ ।

★★★

★ न वाक्करणमत्तेन वण्णापोक्खरताय वा ।
साधु रुपो नरो होति इस्सुकी मच्छरी सठी ॥

अर्थात् - ईर्ष्या र मात्सर्य युक्त शठ पुरुष, वक्ता हुँदैमा, रुपवान हुँदैमा असल भनिंदैन ।

# गणेशकुमारी शाक्यः धम्मवती गुरुमाँ बनिन्

**– मोहन दुवाल, बनेपा**

गणेशकुमारी शाक्यले वि.सं. २००६ सालमा १४ वर्षकी छँदा गृहस्थी जीवनी त्याग गरी बर्माका भन्ते ऊ धमाउधसँग प्रेरणा प्राप्त गरी कुशीनगर आशाम, नागालैण्ड हुँदै ६ दिन २ रात जंगलको बाटो हुँदै बर्माको बुद्ध विहारमा धर्मको अध्ययन गर्न पुगिन् । उनी सानैछँदादेखि नै आमासँग विहारमा गइरहने र आमाको इच्छा पनि भिक्षुणी बनाउने भएकाले यस बाटोमा लाग्न उनलाई थप उर्जा प्राप्त भयो । देशमा प्रजातन्त्र हुनुभन्दा अघि बर्मा पुगेकी यिनी वि.सं. २०२० सालमा मात्र नेपाल भित्रिएको देखिन्छ ।

वि.सं. १९९१ असार पूर्णिमामा पिता स्व. हर्षमान शाक्य र माता स्व. हेराथंकु शाक्यको कोखबाट पाटन, मंगलबजार हौगलमा जन्मेकी गणेशमाया सानै छँदादेखि नै महिलाहरूमाथि हुने शोषण, दमन र भेदभावबाट आफूलाई मुक्त राख्न चाहन्थिन् । जब उनी किशोरी हुँदै आइन् महिला वर्गमाथि देखिने यसप्रकारको पीडाबाट झन् झन् आक्रान्त हुदै मुक्त हुने बाटोको खोजीमा लाग्दा लाग्दै प्रव्रजित भएर पनि यसखालको पीडाबाट मुक्त हुन सकिन्छ भनी क्रान्तिकारी कदम चालेर घर छोडेर बर्मा पुगेको सन्दर्भ उनी सुनाउने गर्छिन् । नेपालमा जस्तो नारीमाथि थिचोमिचो र शोषण बर्मामा नभएको पाएर यिनी बर्मासँग निकै प्रभावित छिन् । नारीको चेतना विकास भएपछि घरको प्रगति खुल्छ । महिलाहरूप्रति राम्रो व्यवहार र सम्मान भएपछि मात्र देशको कायापलट हुन्छ भन्न रूचाउने गणेशकुमारी शाक्य आज 'धम्मवती गुरुमाँ' कै रूपमा ज्यादै चर्चित र प्रतिष्ठित भएकी छिन् । आज पनि महिलाहरूको पीडा व्यथा देखेर उनी भन्ने गर्छिन् - महिलाहरूमाथि हुने शोषण, भेदभाव हेरेर मलाई सहन गाह्रो हुन्छ । नेपालमा पुरुष र नारीमा देखिने असमानता देखेर रुन मन लाग्छ । प्रजातन्त्रप्राप्तिपछि पनि यस्तै स्थिति छ, यस खालको स्थितिलाई परिवर्तन गर्न नसकेसम्म देशको प्रगतिको ढोका खुलाउन गाह्रो छ उनी आफ्नो मनको कुरा बताउँछिन् । जीवन भनेको नित्य होइन, अनित्य संसारमा जन्मेर केही न केही राम्रो काम गरेर जानुपर्छ भन्ने मेरो जीवनप्रतिको दृष्टि हो । यस्तै दृष्टि-चेत बोकेर बहाल-बहाल, चोक-चोकमा कथा भनेर प्रभाव छोड्न सफल 'धम्मवती' बुद्ध धर्म अनुयायीहरू सबैका लागि गुरुआमाका रूपमा परिचित छन् ।

नेपाल भाषामा कथा भन्न सिपालु, शीलवती धम्मवतीलाई आफूले गर्न चाहेपछि कुनै पनि काम गर्न दिइसकेपछि गरी छोड्ने बानी परेको हुनाले जस्तै अप्ठ्यारो स्थितिमा पनि अघि बढिरहने स्वभावजस्तै बनिसकेको देखिन्छ । बुद्ध धर्मप्रति विश्वास राखेर निरन्तर मानव धर्मकै लागि जुटेकी धम्मवतीले आफूलाई प्राप्त दान दातव्यबाट प्राप्त रकम जम्मा गरेर थुप्रै सामाजिक सेवामा, साहित्यिक संघ संस्थामा र निसहाय वर्गको हितमा सहयोग गरेकी छिन् । उनलाई यस्तै सेवामा रम्न पाएपछि सुखानुभूति प्राप्त हुने कुरो पनि बताउने गर्छिन् । नम्रताकी धनी, व्यवहारपरक व्यक्तित्व र समाजपरक चिन्तनका लागि सक्षम उदार मनकी बुद्धकी चेली धम्मवतीको अन्तिम इच्छा महिलाहरूलाई समान अधिकार प्राप्त गराइदिने र चेतनशील बनाउने नै रहेको देखिन्छ । बर्माका गुरु दो पञ्ञाचारीबाट विशेष प्रभावित र बुद्ध नै मनपर्ने महापुरुष हुन् भनी बताउने उनीलाई मनमा एउटा कुरा मुखबाट एउटा कुरा गर्ने छलीहरू मन पर्दैन, प्रष्ट बोल्नेहरूमात्र मन पर्छन् भन्दछिन् ।

काठमाडौं न:घलस्थित धर्मकीर्ति विहारमा बसोबास गर्दै आएकी यिनी धर्मशील, चरित्र प्रदान गर्ने विहानैदेखि सक्रिय हुन्छिन् । ध्यान गर्ने, कथा वाचन गर्ने क्रमलाई नै जीवनचर्याजस्तै बनाएकी यिनीलाई डायविटिज रोगले अलिकति च्यापेकोले मात्र केही खाने कुरा खान नहुने बताउँछिन्, नत्र त यिनी सबै किसिमका खानेकुरा आफूलाई मन परेको बताउँछिन् । १०:००

बजेतिर सुत्ने र विहान ४:०० बजेतिर उठ्ने धम्मवती गुरुमाका प्रेरणा स्रोत आफ्नै आमा र बुबा हुन् । आफू बसेको विहार बनाउन बुबामार्फत जग्गा प्राप्त भएको र आफ्नै आमाले केही कोठाहरू बनाइदिएको सेवाभाव र प्रेरणा, बर्मामा बस्दा रहँदा प्राप्त भएको मानवीय व्यवहार र सद्भाव र बुद्धबाट प्राप्त ज्ञान चेतनाले आफूलाई मान्छेजस्तै मान्छे बनाइदिएको हुन यस्तै कथा व्यथा सुनाउँछिन् । उनी भन्दछिन् - भगवान बुद्धको त्यागको महिमा गाउन सकिदैन, मानव वर्गकै मुक्तिका लागि उनले सम्पूर्ण आफ्नो भन्ने कुरा त्यागे । त्यसैबाट प्रभावित भएर बुद्धकै त्याग मनमा राखेर उनीले पनि गृहत्याग गरेको देखिन्छ ।

धर्मको नाममा, सामाजिक सेवाको भावनामा, साहित्य सिर्जनाकै समर्पणमा, शिक्षा दानकै कार्यभूमिमा लागेर मान्छेकै हितखातिर आफूलाई समर्पित गर्नेहरू महान् छन् । धर्मका नाममा शोषण-चक्र चलाउनेहरू, सामाजिक सेवाका नाममा व्यापार गर्न रुचाउनेहरू, साहित्य सिर्जना र सेवाको भावनामा कलुषितता हुर्काउन खोज्नेहरू, शिक्षा दानकै नाममा ठग प्रवृत्ति अँगाल्नेहरू मान्छेका नाममा कलङकहरू हुन् । यस खालका कलुषित वृत्तिलाई त्याग्न नसकेसम्म कोही पनि महान् र राम्रा मान्छेहरू हुन सक्दैनन् । मलाई त लाग्छ, जोसुकै होऊन् जहाँसुकै रहून्, जुनसुकै क्षेत्रबाट क्रियाशील भइरहून् तर यिनीहरू मान्छेकै भावनामा सद्भावना हुर्काउन, मान्छेलाई सुन्दर मान्छे बनाउन क्रियाशील छन् भने महान व्यक्तिहरू हुन् । यही महानताकै खोजीमा मान्छेकै उन्मुक्तिका लागि लागिपरिरहेका एकजना महिला प्रतिभा हुन् - धम्मवती गुरुमाँ अर्थात् भिक्षुणी धम्मवती । यिनको सेवा र समर्पणलाई बुझेर, यिनको सक्रियता र प्रभावकारिता देखेर यिनलाई बर्मेली सरकारबाट 'शासनध्वज धर्माचार्य' र अग्ग महाग्रन्थवाचक पण्डित' उपाधिले सम्मान प्रदान गरिएको छ । यस्तै आनन्दकुटी दायक सभा, नेपाः बर्मा विहार, नेवाः महागुठी, ज्यापु महागुठी, अन्तराष्ट्रिय भिक्षुणी संघ, ४० जनजातिबाट अभिनन्दन समेत प्राप्त गरिसकेकी धम्मवतीलाई ज्ञानमाला भजन खलः ले 'ज्ञानमाला रत्नबत सिरपाः" र नेपालभाषा परिषद्बाट 'भाषा थुवाः' को उपाधि प्रदान गरिसकेका छन् ।

संसारका धेरै ठाउँ पुगिसकेकी यिनका लागि मनपर्ने ठाउँ नेपाल नै हो । त्यसपछि बर्मा मनपरेको कारणमा उनी भन्छिन् - मान्छेमा भेदभाव कम छ । पुरुष र महिलाबीचमा समानता छ, धेरै दृष्टिले सम्यक ठाउँ छ । करिव ४५ वटा जति बुद्धधर्मका पुस्तकहरू निकालिसकेकी यिनी हाल धर्मकीर्ति बौद्ध धर्मको मासिक पत्रिकाका सल्लाहकार र प्रकाशिका पनि छिन् । त्यस्तै धर्मकीर्ति विहार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बसुन्धरा विहार, सुलक्ष्यण कीर्ति विहार, ध्यानकुटी विहार, अन्तराष्ट्रिय भावना केन्द्र, बृद्धाश्रम, अन्तराष्ट्रिय बौद्ध भिक्षुणी संघ, धर्मोदय सभा केन्द्रीय सल्लाहकार सभा आदि संघ संस्थामा सभापति, संस्थापक, निर्देशक, उप-सभापति सहयोगी सदस्य आदि रहेर सेवा पुऱ्याइरहेकी छिन् । यिनको मुख्य भाषा नेपालभाषा र दोस्रो भाषा बर्मीज भाषा हुन् । पाली, नेपाली र हिन्दी भाषामा पनि यिनी पोख्त छिन् ।

गणेशकुमारी शाक्यले धम्मवती गुरुमांका रूपमा प्रतिस्थापित हुन धेरै कुराको त्याग देखाइन् । यौवनको उन्मादमा पनि यौवनलाई त्याग गरेर, सम्पन्नताकै गर्भमा लुकेकी छोरी भएर पनि सम्पन्नताकै मोहलाई तिलाञ्जली दिएर, राणाकालीन अवस्थामा लुकेको अँध्यारो स्थितिमा पनि क्रान्तिकारी कदम चालेर, महिलाहरू पनि पुरुषसरह प्रगति गर्न सक्छ भनी कठिन बाटो देखेर लोभ लालच होइन सेवा नै मानवीय धर्म हो भन्ने भावना मनमा, तनमा सबैतिर छर्केर निरन्तर सेवा, बुद्ध चरित्रकै मूलमन्त्र आत्मसात् गरेर लागिपरिरहेको कारणले उनी गणेशकुमारी शाक्य आजकी चर्चित भिक्षुणी अर्थात् गुरुमाँ धम्मवती बनिन् । थुप्रै खालका जीवन चक्रहरू भोगेकी सुवासनका प्रतिमूर्ति सुन्दर फूलकै रूपमा प्रफुल्लित धम्मवतीले अझ समाज, देश र मानव समुदायका लागि सेवा पुऱ्याउन सकून् - शुभेच्छा व्यक्त गर्न सकिन्छ ।

# बौद्ध धर्म र महाविहार

*-पुष्परत्न शाक्य*

आजभन्दा २६ सय २५ वर्ष अगाडि नेपालको लुम्बिनीमा जन्मनुभएका सिद्धार्थ राजकुमारले २५ सय ४५ वर्ष अगाडि प्रतिपादन गर्नुभएको बौद्धधर्मले यस ब्रह्माण्डमा प्राणीमात्रको लागि शान्ति, अहिंसा, समानता र भ्रातृत्वको सुसन्देश दिएर जानुभएको थियो। बौद्धधर्मको मुख्य विशेषता मनुष्य मात्रको लागि आफ्नो भाग्य आफूलाई चाहेजस्तो बनाउन चार आर्यसत्य, अष्टांगिक मार्ग र प्रतीत्य समुत्पाद भएको प्रमाणित भइसकेको छ । महान वैज्ञानिक डा. अल्वर्ट आइन्स्टाइनले बौद्धधर्म मात्र विश्वव्यापी एवं स्वयंसिद्ध कस्मिक रेलिजन भएको बताउनुभएको थियो। विज्ञान र प्रविधि को युगमा बौद्धधर्मको महत्त्व झन् झन् बढ्दै गएको छ, किनभने यो धर्म कुनै पनि मनुष्यले सहजै ग्रहण गर्नसक्ने र यसको फल कुनै देवी देवता खुशीपार्न वा परम्परालाई कायम राख्न नभइ आफ्नै भविष्य र दैनिक चर्याको सुख सुविधाको लक्ष्य प्राप्तिको लागि हुन्छ । नेपालीहरू आफूलाई बुद्ध जन्मेको देशको नागरिकको रूपमा विदेशीका सामुन्ने चिनाउन पछि पर्दैनन्। हामी गौरव गर्छौं, उत्साहित हुन्छौं, बौद्धधर्मको प्रतिपादक भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी भएकोमा, तर बौद्धधर्मको लागि हामीले के गऱ्यौं बुद्ध जन्मेको देश धर्मनिरपेक्ष राज्य नभइकन किन हिन्दू राज्य भइरहेको छ, बौद्धधर्मको संरक्षण र कार्यान्वयनमा सरकार र जनताले के गरेको छ, यसको मूल्यांकन गर्नुपर्ने बेला आएको छ। आज हाम्रो देशमा मात्र होइन, संसारको कुनै पनि ठाउँमा शान्तिका अग्रदूत भगवान् गौतम बुद्धका मूर्तिहरू कसैले बिगार्छ वा भत्काउँछ । जस्तो, निरंकुश अफगानिस्तानका तालिवान शासकहरूले बामियान प्रान्तमा रहेको विश्वकै सबभन्दा अग्लो प्राचीन बुद्धमूर्ति भत्काएबाट हामीहरू साह्रैदु:खित छौं साथै निर्दयी ती तालिवान शासकहरूले पनि सुख प्राप्ति गर्न सक्तैनन् भन्ने कुरामा विश्वस्त छौं। आज २५४५ औं बुद्ध जयन्ती विभिन्न कार्यक्रम राखी बढ्दो धुमधामका साथ मनाउँदै छौं, यो निश्चय पनि उत्साहवर्धक छ, तर गएको वर्षमा गरेको क्रियाकलापको समीक्षा गरी आगामी वर्षको लागि बौद्धधर्मको संरक्षण र यसको व्यावहारिक कार्यान्वयनमा हामीले प्रतिबद्धता जाहेर गर्ने दिन आज वैशाख पूर्णिमा नै हो। आज गौतम बुद्धको जन्म, बोधी ज्ञानप्राप्ती र महापरिनिर्वाणको संयोग दिन, यस ब्रह्माण्डमा आज कतै राष्ट्रिय पर्व, राष्ट्रिय उत्सव र महान दिनको रूपमा भव्यताका साथ मनाउँदैछ। के यो नेपाल र नेपालीहरूको लागि गौरवको कुरा होइन ! आज विश्वमा मात्रै होइन, हाम्रो मुलुकमा समेत राजनीतिक अस्थिरता, नैतिकताको कमी, जनताहरूलाई शान्तिसुरक्षा दिनुको साटो देशमा आतंक, असुरक्षा, अराजकता फैलिएकोमा सत्तामा बसेकाहरूले बौद्धधर्मको सिद्धान्तलाई राम्ररी अंगीकार गर्न नसक्नु यसको कारण हुनसक्तछ।

यस सानो लेखमा अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्धधर्मको उत्थान उल्लेख नगरिकन नेपालमा रहेका विभिन्न महाविहार, विहारहरूले विशेषत: यम्पी महाबिहार (इबही) कसरी बौद्धधर्मको उत्थान र विकासमा भूमिका खेलेका छन् यसको संक्षिप्त तथ्यहरू उल्लेख गर्न लागेको छु । विशेष खुशीको कुरो २५४६ औं बुद्ध जयन्ती भव्यताका साथ यस महाबिहारबाट पालो लिने तरखरमा उत्साहित भएको छ ।

बौद्ध धर्म समाजमा अरू संगठित रूपमा बिकसित गराउन स्वयम्भू ज्योतिरूप दर्शन गर्न आउनु भएका ऋकुच्छन्द तथागतले आफ्ना शिष्य गुणध्वज ब्राह्मण, अभयन्द क्षत्रीसमेत गरी ७ सय जवान शिष्यहरूलाई चूडाकर्म गरी सर्वप्रथम बौद्धसंघको व्यवस्था गरी विहार निर्माण गरेको देखिन्छ। त्यसपछि क्रमश: महाविहार, विहार, चैत्य, स्तुप र बौद्ध कलाकृतिको निर्माण हुँदैगयो । ललितपुरमा पनि यस्तै गरी ३२ वटा महाविहार र १८ वटा विहार रहेका

छन् । २००० वर्षभन्दा पुरानो ऐतिहासिकता, कलाकृति र सम्पदा बोकेको यम्पी महाबिहार (ई बही) पण्डित श्री सुन्यश्री भिक्षु संस्कारित छन् । ललितपुरको पूर्व तेता थुर, पश्चिम पुल्चोक थुर, दक्षिण लगनखेल थुर र उत्तर र बही थुरको चार किल्लाभित्र रहेको यस यम्पी महाबिहारको आफ्नै भूमिका ऐतिहासिकता, संस्कृति र कलाकृतिको धरोहर कायम राख्न सकिरहेको छ । यस यम्पी महाबिहार कहिले बनाएको भनी अन्वेषण गरिंदा सम्राट अशोकले आफ्ना धर्मगुरू भिक्षु उपगुप्तको आज्ञानुसार पाटनको चार दिशामा चार वटा थुर (स्तुप) बनाउनु भएको र इबही थुर बनेको २ सय वर्षपछि यम्पी महाबिहार बनाएको देखिन्छ । कपिलवस्तु महानगरको पञ्चराभूमिमा जन्मनु भएका विद्वान एवं बुद्धधर्मप्रति अगाध श्रद्धाराख्ने पण्डित श्री सुनयश्री भिक्षुले काशीबाट फर्केर श्री ३ विशेश्वर को दर्शनपश्चात् उत्तरापन्थमा रहनुभएका गुरूको आज्ञानुसार नेपालमा तीर्थयात्राको लागि आउनु भएको बेलामा सपनामा सबभन्दा ठूलो ज्ञान प्राप्तगर्न ल्हासाको पतलामा गुरूकहाँ लिनु भन्ने थाहा भएपछि त्यहाँ गएपछि त्यहाँ ५ वर्षसम्म धर्म संचय गरिंदा पुण्य र धर्म गर्न सबभन्दा ठूलो भूमि नेपाल नै हो भन्ने थाहा पाएपछि उहाँ नेपाल आउनु भयो र राजा रुद्रदेवले उहाँलाई भव्य स्वागत गर्नुभएको थियो । यस चम्पी महाबिहार बनाउन जग्गा प्राप्तिको लागि राजा रूद्रदेवसमक्ष ३७ बेदोल असर्फि चढाउनु भएको इतिहासमा उल्लेख छ । यो महाबिहार बनाउँदा ३ वटा शाक्यमुनि मूर्ति गन्धर्वमा स्थापना गरेको थियो, साथै यस बिहारसँगै यम्पीचन्ता बिहार (स्यौं बही) र करूणाचुक बिहारमा पनि यस्तै मूर्तिहरू गन्धर्व राखेर बनाएका थिए । यस यम्पी महाबिहारमा आर्यावलोकितेश्वरको गहना र सरसामान राख्ने प्रचलन थियो र यसको जग्गा १००० रोपनीभन्दा बढी छ भन्ने बुझिन्छ यसैले यो महाबिहार बढी आयस्ता भएको क्रममा थियो, तर ने.सं. १९६२ मा जग्गा हरण भएपछि यो बिहारको आयस्ता कम हुँदैगयो । यस चम्पी महाबिहारमा पहिलेदेखि बौद्ध धर्म, बौद्धसंस्कृति, बौद्धकला र दर्शन आदिको प्रचारप्रसार एवं शिक्षादीक्षा पनि दिँदै आएका थिए । महाबिहार (मू बाहा) मा साधारणतया बुद्धधर्मसम्बन्धी अध्ययन, अध्यापन सकेपछि असम्पदा गर्न योग्य भिक्षुहरू मात्र बस्ने आवासीय स्थान हो । यस महाबिहारका आफ्नै बौद्ध सांस्कृतिक गरिमा छ । प्रत्येक ५ वर्षमा हुने ललितपुरको सम्यक् महादानमा दानकार्य शुरूहुनुपूर्व हिरण्यवर्ण महाबिहार को थकालीले यस यम्पी महाबिहारको थपाआजु र ४ जना आजु समेतलाई पूजा गरी स्वागत गरिसकेपछि मात्र सम्यक्को दानकार्य शुरू हुन्छ । यस यम्पी महाविहारको करूणायुक्त बिहारमा मन्छिन्द्रनाथको रथको पांग्रा यहीं बनाउने प्रचलन छ र मच्छिद्रनाथ रथमा छँदाछँदै नेपालमा कुनै नराम्रो घटना हुन लाग्यो वा भूकम्प भयो भने त्यसको शुद्धीकरणको लागि यस महाबिहारका सदस्यहरूलाई दान दिनुपर्ने पनि प्रचलन रहिआएको छ । यसरी पहिलेदेखि यस यम्पी महाबिहार बौद्धधर्मको संरक्षण र बिस्तार हुँदै आएको छ ।

( साभार : ने.समाचार पत्र)

---

## थःगु कर्तव्य खंका

**-बेखारत्न शाक्य, यल**

शरण वया प्रभु गौतम बुद्धया,
दरशन व्यु जिमित थौं ॥धु॥

१.

श्रद्धाया पुष्प छाया जिपिं थौं,
याः वया पूजा दुःखित मुनां ।
भजन याना शास्ता बुद्धया,
गुण लुमंका शरण वया ।

२.

बुद्ध छःपिन्त खंके मफुसां,
महत्व दुगु शिक्षात कया,
शरण वया स्वांया पुन्हीया
दुःख जिमिगु फुके धका ।

३.

धर्म हे थःम्हं याये मफुसा,
मनू जुईगु गथे धका थौं,
थुजोगु ज्ञान मनय् लुईका,
याःवया थःगु कर्तव्य धका ।

# "भिक्षु जीवन" पुस्तक पढेपछि

–रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

केश मुण्डण गरी खौरी, पहेँलो चीवर वस्त्र पहिरेर हिँड्ने कुनै व्यक्ति बाटोमा देखेपछि एउटा 'बौद्ध भिक्षु' भनेर नचिन्ने कमै होलान् । हातमा एउटा झोला बोकी दाँया बाँया कतै नहेरी एकोहोरो आफ्नो बाटोमा हिँडीरहेको बौद्ध भिक्षुलाई देखेपछि 'भन्ते ! वन्दना । भनीकन बाटैमा वन्दना गर्ने श्रद्धालुहरू पनि छन् भने कसैले 'ए ! एउटा बौद्ध भिक्षु' भनीकन मात्र चिनेर जान्छन् । कसैले त 'ए ! यस्ता भिक्षु ! काम गरेर खानु छैन । भिक्षा मागेर मोजले जीवन बिताउँछन्' भनीकन भिक्षु जीवनप्रति नकारात्मक विचार पनि पोख्दो होलान् । घर गृहस्थी त्यागेर बुद्ध शासनमा प्रव्रजित भई त्यागी जीवन बिताउने बौद्ध भिक्षुहरूको जीवन पद्धतिलाई लिएर आ-आफ्नो भिन्नाभिन्नै विचार पोख्छन् मानिसहरू । आफू स्वयं बुद्ध हुने तथा बुद्ध धर्म चिरस्थायी गर्ने उद्देश्य लिई आफ्नो सम्पूर्ण जीवन व्यतीत गर्न तयार भएर प्रव्रजित जीवन बिताउने भिक्षुहरूप्रति श्रद्धा व्यक्त गर्नेले राम्रै गरेको मान्नु पऱ्यो । तर जसले 'एक बौद्ध भिक्षु' भनीकन सामान्य विचार राख्छ त्यस्ताले र अझ त्यो भन्दा बौद्ध भिक्षुहरूप्रति नकारात्मक भावना राख्ने अश्रद्धालु व्यक्तिहरू चाहे बौद्ध होस् वा अबौद्ध, त्यस्ताले एक पल्ट गहिरिएर सोचीदिए राम्रो ।

यस पंक्तिका लेखक आफै भने बौद्ध भिक्षुहरूप्रति श्रद्धा राख्नेमै. परें । तर जब मैले भिक्षु अश्वघोषद्वारा लिखित "भिक्षु जीवन" पुस्तक पढें, तब मेरो श्रद्धामा थप सोँचहरू थपिन आए । २५०० वर्ष अघि गौत्तम बुद्धले शुरु गर्नु भएको भिक्षु जीवनको अनुकरण गरी आजको २१ औं शताब्दीको आधुनिकतामा भिजेर जीवन बिताउने वर्तमान भिक्षुहरूको जीवन पक्कै पनि सहज छैन होला । २५०० वर्ष अगाडि बनिएको २२७ वटा भिक्षु नियम एकातिर छ भने आधुनिक रहनसहनमा जीविका गर्ने, नजिककिँदै गएको संसारको ठाउँ ठाउँमा धाएर धर्म देशना गर्ने, आधुनिक विचारधाराका उपासक उपासिकाहरूलाई चित्त बुझाउनु पर्ने सकेसम्म आधुनिक ढाँचामा धर्म प्रचार गर्नु पर्ने, पुस्तक, पत्र पत्रिका छाप्नु पर्ने सबका सब जिम्मेवारी एक बौद्ध भिक्षुको काँधमा छ । एउटा सानो उदाहरणमात्र - २२७ वटा नियम मध्ये एउटा भिक्षुहरूले अन्जानमा पनि आईमाईको जिऊसँग स्पर्श गर्नु हुँदैन । वर्तमानको फैलिएको शहरमा बस्ने भिक्षुले एक ठाउँबाट धेरै टाढाको अर्को ठाउँमा गएर भोजन खान जानुपर्छ, परित्राण पाठ गर्न जानुपर्छ, धर्म देशना गर्न जानुपर्छ । त्यसको लागि पैदल हिँडेर पुग्न सजिलो छैन, यातायातका साधनहरू बस, टेम्पो चढ्नु पऱ्यो । शहरको भीडभाडमा बौद्ध भिक्षुको लागि भनेर छुट्टै वाहन कहाँ उपलब्ध छ र ! भीडमा पस्नै पऱ्यो । अन्जानमा पनि आईमाईसँग जिऊ स्पर्श हुदैन भन्न सकिन्न । अनि के त भिक्षु नियम भंग भयो? अर्को उदाहरण - भिक्षुले निजी पैसा हाल्नु हुन्न । यो पनि एउटा भिक्षु नियम । के बस ड्राईभर वा कण्डक्टरले सित्तैमा चढ्न दिन्छ ? नभए हरेक ठाउँमा एउटा श्रद्धालु उपासक उपस्थित हुनु पर्‍यों जसले भाडा तिरी देओस् । २२७ वटा नियम पालना गरी आधुनिक युगमा भिक्षु जीवन बिताउने क्षिुलाई नै थाहा हुन्छ उनको जीवन कति कठिन छ भनेर गृहस्थलाई थाहा हुँदैन ।

"नियम केही पालना गर्नु छैन, मात्र दान मागेर खान्छन्, चन्दा मागेर हिँड्छन् बौद्ध भिक्षुहरू "भन्दै बौद्ध भिक्षुहरूलाई निन्दा उपहास गर्न रमाउने अबौद्धहरू मात्र होइन बौद्ध उपासक उपासिकाहरू पनि प्रशस्त छन् । बुद्ध शासनको रथलाई राम्ररी डोऱ्याउन आवश्यक पर्ने चार पांग्रा मानिएको भिक्षु, भिक्षुणी, उपासक, उपासिका मध्ये भिक्षु, भिक्षुणीलाई सहयोग गर्नु उपासक उपासिकाको जिम्मेवारी हो । यो कुरो उपासकजनले बारम्बार सम्झनु योग्य छ । अर्कोतिर कुनै भिक्षु सुविधामुखि मात्र हुने, धर्म अभ्यास तथा धर्म देशनालाई बेवास्ता गर्ने वा कम महत्व दिने हुन गयो भने पक्कै

पनि त्यो भिक्षु निन्दाको पात्र बन्न पुग्छ । यतिमात्र होइन आज भोलि भिक्षुहरू पनि निजी सम्पत्ति जुटाउनमा व्यस्त देखिनु यो गलत हो । भगवान बुद्धले भिक्षुहरूलाई "दान लिएर खाएको आगोको ढिस्को निलेको जति भारि छ" भनेर उपदेश दिनु भएको भिक्षुगणले बारम्बार सम्झनु उचित छ । बरु आधुनिक युगको सुविधायुक्त भौतिक साधनहरू जुन श्रद्धालुबाट दानमा प्राप्त गरेको हुन्छ त्यस्ता वस्तुहरू उपभोग गर्दैमा भिक्षुहरू निन्दाको पात्र बन्नु पर्ने देखिदैन ।

एकपल्ट सानै तहमा तुलना गरेर हेरौं हामी आधुनिक युगको विलासिय जीवनमा रमाउने गृहस्थहरूले बिहान जलपान र भोजन बाहेक दिउँसोको १२:०० पछि केही पनि खान हुन्न भिक्षुहरूले । आबै ! बेलुकी खान नहुने । बेलुकी पो मस्तिले खानुपर्छ डिनर । घरमा नमिले होटेल, रेष्टुराँमा भएपनि । भिक्षुले दानमा जे पायो त्यही खानुपर्छ । कहाँ सकिन्छ र त्यसरि पनि । दिनहुँ स्वाद फेर्दै खान पाउनु पर्छ मान्छेले । कहिले चाइनिज त कहिले इण्डियन, थाइ, जापानिज, फास्ट फूड, कण्टिनेण्टल फूड । के के फूड, के के फूड । मस्तिले खान नपाए के को जीवन । फेरि ! भिक्षुले ब्रह्मचर्य पालना गर्नुपर्छ । उफ् ! विवाहित वा अविवाहितै अवस्थामा पनि स्वतन्त्र यौन सुख भोग गर्न पाउनु पर्छ भन्ने विचार राख्ने मान्छेहरूको लागि यो त असंभवै कुरा हुन जान्छ । भिक्षुहरूले यस्ता कठिन से कठिन नियम पालना गर्छन् स्वयं शुद्धिको लागि तथा आफूलाई धर्म देशना गर्न सक्षम बनाउनको लागि । यस्तो हुन्छ भिक्षुहरूको धर्म अभ्यास । यसै प्रसंगमा म्यानमार (बर्मा) देशका एक पूर्व राजा मेण्डौंको कुरा उल्लेख गर्नु ठीक लाग्छ । मेण्डौं राजा भिक्षुहरूलाई ज्यादै श्रद्धा राख्दथे रे । त्यो राजा एक छाक पनि बेलुका खाना नखाई सुत्न नसक्ने मात्र होइन एक रात पनि महारानीहरू बिना सुत्न नसक्ने रे । अत: त्यो राजाले भन्दथे रे-"भिक्षुहरूले अरु नियम चाहे पालना गरुन् वा नगरुन् । मात्र भिक्षुहरूले बेलुकी खाना नखाने र अविवाहित जीवन बिताउने भएकोले नै म भिक्षुप्रति ज्यादै श्रद्धा राख्दछु ।"

पञ्चकाम सुखमा लिप्त रहने बानी परेका मानिसहरूले पञ्चकाम सुखमा लिप्त नरहने भिक्षुहरूको जीवन शैली सोच्न गाह्रो पर्छ । १२:०० बजे अघिसम्म मात्र खान पाउने त्यो पनि दानमा पाए जति खाना, ब्रह्मचर्य पालना गरेर बस्नु पर्ने यस्तो जीवन बिताउन जो सुकैले सक्छ र ! कठिन छ हो कठिन । रसरंग गरेर मज्जैमा जीवन बिताउन पाउने ठाउँमा धर्म अभ्यासको लागि नियमै नियमले बाँधिएको कठिन त्यागी भिक्षु जीवन बिताउन निर्णय लिन सक्नु सामान्य मनस्थितिको कुरो होइन । यो ठूलो निर्णय हो । कठिन निर्णय हो । 'म भिक्षु भएर सद्धर्मको अभ्यास गरेर जीवन बिताउँछु ।" भनेर निर्णय लिने बित्तिकै कुनै व्यक्ति श्रद्धाको पात्र बनी हाल्छ । यो मान्न योग्य तथ्य हो । "भिक्षुहरू दान लिएर खाने, चन्दा लिएर हिँड्ने, काम नगरी खाने इत्यादि" भनेर पवित्र भिक्षु जीवन प्रति हेय दृष्टिकोण राख्ने पक्षले एकपल्ट सही सोचोस् । नभए 'भिक्षु जीवन' पुस्तक पूर्वाग्रह रहित भएर एकपल्ट पढोस् । यही नै यो छोटो लेखको ध्येय रहेको छ ।

**जानकारिको लागि :**

**पुस्तकको नाम : 'भिक्षु जीवन'**
**लेखक तथा प्रकाशक : भिक्षु अश्वघोष**
**अनुवादक : भिक्षु संघरक्षित**
**पुस्तक उपलब्ध हुने ठाउँ : श्रीघ:विहार नघल**

## बेसहारा युवतीको छोरीसरह विवाह

बुटवल, ३० वैशाख (कास) - दलित युवतीलाई सडकमा भेट्टाएर घरमा ल्याई पालनपोषण गरेका स्थानीय समाजसेवी शेरबहादुर गुरुङले उनलाई दाइजोसहित धुमधामसँग टेम्पल म्यारिज (मन्दिर विवाह) गरिदिएका छन् । विष्णु सर्किनी भनिने उनलाई विहीवार आफैले निर्माण गराएको जोगिकुटीस्थित सिद्धेश्वर मन्दिरमा कमल सार्कीसँग विवाह गरिदिएका हुन् । हिन्दु विधिअनुसार भएको विवाहमा बाख्रा, भाँडाकुँडा, पलङ, विस्तरा, नगद आदि दाइजो दिएको गुरुङले बताए । विवाह भोजमा छिमेकी तथा आफन्तलाई पनि बोलाइएको थियो । १९ वर्षीया विष्णुलाई ९ वर्षअघि जोगिकुटी बगियामा भेट्टाएको गुरुङले बताए । आमालाई नजानेको र बुबा रिक्सा चलाउँदै गरेको विष्णुले बताएकी थिइन् ।

# भिक्षु शुभद्र बारे मनमा उठेका कुराहरू

*-गोबिन्द ताम्राकार*

ब्राह्मण कुलमा जन्मेर पनि दु:ख अनित्य अनात्माबाट छुटकारा पाउन ७५ वर्षको उमेरमा भिक्षु शुभद्र (गुहस्थ नाम जयलाल लम्साल) छोरा नाती नातीनीको माया स्नेह पाउँदा पाउँदै पनि कहिलेको पुण्यको प्रभावले बुद्ध धर्ममा दीक्षित हुनु भयो । हुनत उहाँले आफ्नो जवानी अवस्थामा हिन्दु धर्मका थुप्रै ग्रन्थहरूको अध्ययन नगर्नु भएको पनि होइन । तर पनि जीवनको लामो यात्रामा वास्तविक धर्मको अनुभूति र वास्तवीक निर्वाण मार्ग बुद्ध धर्ममा भेटाउनु भयो । भन्ते शुभद्र हामीलाई जहीले पनि भन्दै आउनु भएको छ - "मलाई प्रेत हुने बाटो मन पर्दैन, म यही जूनीमै निर्वाण पाउने बाटो खोज्छु । त्यो बाटो उहाँले बुद्ध धर्ममा देख्नुभयो । मानिस मरिसके पछी वर्षौं सम्म पितृको नाउंमा श्राद्ध गर्ने परम्परा उहाँलाई चित्त बुझेन ।

बुद्ध धर्ममा दीक्षित हुनु भएपछी उहांले २३ वर्ष सम्म बुद्ध धर्म प्रति देखाउनु भएको योगदान प्रशंसनिय रह्यो ।

भिक्षु शुभद्रले ९३ वर्षको उमेरमा एउटा ठूलो खड्को पार गर्नु भयो । भनुं भने उहांले नयाँ जुनी पाउनु भएको थियो । आज वहां असक्त, आखांले देख्न नसक्ने, कानले सुन्न नसक्ने र शरीर कमजोर भएको कारणले जीर्णभै एक पाईला चाली अगाडी बढ्न कसैको साहाराको आवश्यकता भएको अवस्थामा आफ्नै जन्मथलो धाचोकमा छोरा बुहारी नाती नातीनीको माझमा स्याहार पाउन पुग्नु भएको छ । यस्तो अवस्थामा उहांको मनमा कस्तो बितिरहेको अनुभव गर्नु भएको छ होला ? यस्तो अवस्थामा हामी पुगेको कल्पना गऱ्यो भने हाम्रो मनमा कस्तो विचार आउँद थियो होला ? यो सोचनीय छ । अनुकुलतामा रमाउने प्रतिकुलतामा पन्छाउने प्रवृती के राम्रो हो र ? यदी हामी बुद्ध धर्मको सत्य तथ्य कुरालाई बुझेर व्यवहारमा पनि उतार्ने हो भने बुद्ध शासनलाई उदाहरण स्वरूप देखाउने हो भने वयोवृद्ध भिक्षुलाई जस्तोसुकै कठीनाई संग सामना गर्नु पर्ने भएता पनि विहारमै सम्मान स्वरूप राखेर सम्पूर्ण उपासक उपासिकाहरूले पालो अनुसार सेवा गर्ने मौका आएको छ । त्यो अधिकार पाउने कर्तव्य उहांले पुरा गरी गर्नु पनी भएको छ । तव मात्र समाजले वृद्ध भिक्षुले २३ वर्ष सम्म बुद्ध धर्म प्रति देखाउनु भएको त्याग, तपस्या र योगदानको भावनालाई वुझेर कदर गरेको देख्ने छ । अन्यथा भन्तेको अस्वस्थता खवर पाउने बितिकै फलफूल र हर्लिक्सको बोटल बोकेर भेट्न जानु औपचारिकता निभाउनु मात्र होईन र ?

तथागत बुद्धले आफ्नो जीवन कालमा रोगीहरूको सेवा गर्नु भएको थुप्रै उदाहरणहरू पाईन्छ । तथागतले भन्नु भएको पनि छ-रोगीहरूको सेवा गर्नु नै मेरो सेवा गर्नु हो । भिक्षु, भिक्षुणीहरूले तथागतको यो सेवा भावको सन्देश कतिको पालना भएको छ ? । किन भने नित्य केही पनि छैन सबैका सबै अनित्य छ । यो अनित्यताको नियम भिक्षुहरूलाई पनि लागु हुन्छ । प्रत्येक भिक्षु भिक्षु शुभद्र जस्तै जीर्ण हुन्छ, बृद्ध हुन्छ । त्यसैले वृद्ध भिक्षुहरूको सेवा गर्ने भिक्षुहरू कै भूमिका महत्वपूर्ण हुनेछ । प्रत्येक भिक्षुहरूले सोच्नु पर्ने छ । म पनि एक दिन वृद्ध हुनेछु । मैले वृद्ध भिक्षुहरूको सेवा गरें भने म वृद्ध भएको अवस्थामा मलाई पनि सेवा गर्नेछ भन्ने भावनाको वातावरण वनाई राख्नु पर्ने हुन्छ । भन्ते शुभद्रको जस्तो घरको सेवा पाउने वातावरण सवै भिक्षु हरूले पाउने छन् भन्ने अनुकुल नहुन सक्छ । साँचै भन्ने हो भने वृद्ध- असक्त भिक्षु भिक्षुणीहरूको सेवा गर्ने कर्तव्य भिक्षु पछि उपासक उपासिकाहरू कै कर्तव्य बढी देखिन आउछ । जबसम्म भिक्षुहरूलाई विहारमा चतुर प्रत्ययको व्यवस्था राम्रो संग मिलाउन सकिदैन तब सम्म बुद्ध शासन बलीयो हुँदैन । त्यसकारण भिक्षु प्रतिको श्रद्धा देखावती होईन समर्पित भावको हुनु पर्दछ ।

भिक्षु शुभद्र आज ९८ वर्षमा प्रवेश गर्दै हुनु हुन्छ । हामी ९८ वर्ष सम्म वाँच्छौं की वाँच्दैनौं नसोचौं । भन्ते ९८ वर्ष सम्म बाँच्नुको पछाडी के रहस्य

छ ? यो पनि अध्ययन गर्नु पर्ने विषय भएको छ । भगवान बुद्धको धर्म पंचशीलमा आधारित छ । जसरी घर बलियो हुनलाई जग बलियो हुन आवश्यक हुन्छ । त्यस्तै धर्म बलियो हुन शील सदाचार पूर्ण रूपमा पालना गर्नु पर्ने हुन्छ । धर्मको आधारनै शील सदाचार प्रेम अहिंसा समताभाव हो । त्यसैले भन्ते शुभद्र बुद्ध धर्मलाई राम्रै संग अध्ययन गरेर शीलसदाचार धर्म अनुसार आचरण पनि गरेर देखाउनु भएको कारणले के बौद्ध के हिन्दु सबैको माया ममता स्नेह पाउनु भएको छ । उहांले समाजको हितको लागि थुप्रै थुप्रै प्रसंसनिय काम गर्दै आउनु भएको छ । र उहाँ सबै धर्मलाई कदर गर्नु हुन्छ । यसैको प्रभावले भिक्षु शुभद्रको मनमा असिम सन्तोषको अनुभूति प्राप्त गर्नु भएको छ । उहांलाई सबैबाट माया प्रेम सदभाव आदर सत्कार पाउनु भएको छ । यहीनै भन्ते जीउनुको उर्जाको कारण बनेको छ । अर्को तर्फ भिक्षु शुभद्रको जीवनको सहयात्री हुनुहुन्छ - अनगारीका कर्मशिला । कर्मशिला गुरूमाँ यती धेरै सेवा भावको हुनुहुन्छ भन्ने कुरा मेरो कल्पना भन्दा बाहिर को कुरा रहीछ । आफैले प्रत्यक्ष अनुभव गर्ने मौका पाएँ । यो पनि भिक्षु शुभद्र संगको भेटघाटमा भोगेको देखेको अविस्मरणिय क्षण हो । एउटा वृद्ध अवस्थाको पुरूष भिक्षुलाई महीला अनगारीकाले नुहाई धुवाई, दीसा पीसाब देखि लिएर खाना पीनामा त्यतिकै सजक हुनु हुन्छ । (अनगारीका) गुरुमाँ कर्मशिलाले भन्ते शुभद्रलाई कसरी भोजन खुवाउनु पर्छ भन्ने पूर्ण अनुभव भएको छ । भन्तेको रूची अनुसार भोजन परिवर्तन गरेर खुवाउनु हुन्छ । भन्तेले भोजन लिनु भएन कर्मशिला निकै चिन्तीत हुने गर्दछिन् । उहाँ भन्ने गर्दछिन् - आज भन्तेले जाउलो नै लिनु भएन किन किन ? । कति कोसिस गरें मान्नु नै भएन । खाना लिनु भएन भने त्यत्रो शरीर कसरी ढान्न सक्छ र ? । कमजोर भई हाल्छ नी भनी गनगनाउनु भएको मैले धेरै पटक सुनेको छु । उहांको भन्ते प्रतिको सेवाभाव निश्चलता छ । मैत्री छ । करुणाले भरीएको छ । भिक्षू प्रतिको असिम श्रद्धा छ । त्यसैले जहाँ मैत्री छ, करूणा छ त्यहाँ जीवन जीउने उर्जा पाउँछ । त्यो उर्जा भन्ते शुभद्रले अनगारीका कर्मशिलाबाट पाउनु भएको छ । भन्ते शुभद्रको दीर्घ जीवनको रहस्य पनि यही हो ।

आज (अनगारीका) गुरुमाँ कर्म शिलाको शिक्षा दिक्षामा कमी भएता पनि धर्मशिला बुद्ध विहारमा असक्त ब्राह्मण भिक्षुको अविरल सेवा गरेर पुण्य कमाउनु भएको छ । सायद यती धेरै पुण्य विहार भित्र पस्ने उपासक उपासिका र विहार भित्र वस्ने कुनै पनि भिक्षुहरूले पनि पाउन सकेको छैन होला । धन्य छ कर्मशिला गुरूमाँ । जहाँ को सेवाभाव प्रति मेरा साधुवाद छ । आज कर्मशिला गुरूमांको भन्ते शुभद्र प्रतिको देखाएको योगदानको पनि कदर गरी मुल्याङ्कण कस्ले गर्ने हो ? भिक्षु शुभद्र संगको भेटघाटमा धेरै ज्ञानगुनका कुराहरू सिक्ने मौका पाएँ । उहां भन्ते शुभद्र सम्पूर्ण तृष्णा क्षय गरीसक्नु भएको अवस्थामा पुगी सक्नु भएको अवश्य हुनु पर्छ । उहांले अनित्यताले कसैलाई छोड्दैन भन्ने कुरा राम्ररी बुझिसक्नु भएको छ । त्यसैले होला उहाँको शरीरलाई बाँच्न चाहीने आहार पनि कहिले पनि मागेर खानु भएन । दिए खानु हुन्छ । अन्यथा चुप लागेर ध्यानमा मग्न हुनु हुन्छ । शरीरमा अन गिन्ति लामखुट्टेले टोकी रहेको हुन्छ - हामी भन्छौ - भन्ते तपाईको शरीर मा लामखुट्टेले टोकीरहेको छ । उहाँ भन्नु हुन्छ - लामखुट्टेको पनि पेट छ क्यारे ? । त्यस्लाई पनि भोक लाग्छ होलानी ? । त्यस्ले कती खान्छ र खान देउ भन्ने गर्नु हुन्छ । त्यसैले होला काठमाडौंबाट प्रकाशन हुने एउटा पत्रीकाले श्रद्धेय भिक्षु शुभद्र स्रोतापन्न प्राप्त गर्नुभएको भिक्षु हो भनेर एउटा लेख प्रकाशन भएको कुरा भिक्षु शुभद्रको ९८ औ वर्षमा प्रवेश गरेको उपलक्षमा आयोजना भएको जन्मोत्सव कार्यक्रममा काठमाडौंबाट अतिथिको रूपमा पाल्नु हुने भिक्षु कोन्डण्यले जानकारी गर्नु भएको थियो ।

यस अर्थमा उहां भिक्षु शुभद्र वन्दना गर्न योग्य पुजनिय हुनुहुन्छ । भिक्षु लगायत सबै उहां जस्तै पुजनिय बन्न सक्नु पर्दछ । उहांको सकृयतामा स्थापना भएको धाचोकको माच्छापुछ्रे विहार मरमतको पर्खाईमा बसिरहेको छ । उहाँको जीवनकालमै मरमत गरेर उक्त ठाउँमा पोखरेली वासीको र सवै बौद्ध संघ संस्थाको सामुहीक प्रयासमा ध्यान केन्द्रको स्थापना गर्न सक्यौ भने भन्ते शुभद्रले राम्रो कामको थालनी गरेको सुन्न पायो भने अतिनै खुशी हुने थियो ।

# संकलित रकमबाट वृद्धाश्रम खोल्ने समाजसेवी

*–बलराम प्यासी*

हरेक विषयमा मानिसलाई एउटा न एउटा नशा लागेको भेटिन्छ, कसैलाई रक्सीको, कसैलाई धूम्रपानको, कसैलाई लेखनको त कसैलाई खेलकुदको । तर, यी भन्दा पर गएर भक्तपुरका श्यामसुन्दर धौभडेललाई समाजसेवाको नशा लागेको छ । उनी पेसाले व्यापारी भए तापनि गत १० वर्षदेखि आफ्नो पेशा व्यापारलाई भन्दा समाजसेवालाई बढी जोड दिएर अंगालिरहेका छन् ।

आफ्नो एउटै छोरा सिद्धिसुन्दर धौभडेललाई साढे चार वर्षको कलिलो उमेरमा सडक दुर्घटनामा गुमाउनुपरेपछि विक्षिप्त भएका श्यामसुन्दरले समाजसेवाको 'नशा' अंगालेका हुन् । एउटै छोरालाई गुमाएपछि उनले छोराको स्मृतिमा 'सिद्धि स्मृति स्वास्थ्य केन्द्र' को स्थापना गरे । सोही संस्थाबाट उनले भक्तपुर नगरपालिका वडा नं. ७ भीमसेनस्थानमा सिद्धि स्मृति महिला तथा बाल अस्पतालको स्थापना गरे ।

उनको निस्वार्थ समाजसेवा भावना देखेपछि अस्पतालको निर्माण तथा विस्तारको लागि स्वदेशी तथा विदेशी दाताहरूबाट २ करोड रुपैयाँ भन्दा बढीको आर्थिक, भौतिक तथा प्राविधिक सहयोग जुट्यो । २० शय्याको उक्त अस्पतालले बहिरंग सेवा सुरु गरेको एक वर्ष बित्न नपाउँदै उक्त अस्पतालको संस्थापक अध्यक्ष रहेका श्यामसुन्दरलाई अस्पतालको सञ्चालनसँगसँगै वृद्धाश्रम सञ्चालन गर्ने इच्छा जागेर आयो । वृद्धाश्रम खोल्ने विचारलाई मूर्तरूप दिन उनले आफ्नो ५० औं जन्मोत्सवको दिवसलाई उपयुक्त ठाने ।

भक्तपुर जिल्लामा आफ्नै घरपरिवार र समाजबाट अलग्गिएर कष्टप्रद जीवन बिताइरहेका वृद्धवृद्धाहरूको दयनीय स्थिति देखिसकेका धौभडेलले आफ्नो स्वर्ण जन्मोत्सवको अवसरमा आफ्ना मित्र, आफन्त र शुभचिन्तकहरूलाई आमन्त्रण गरे । जन्मोत्सवमा आउने आफन्तहरूलाई उनले निम्तापत्रमार्फत एउटा सर्त राखे 'कृपया जन्मोत्सवको अवसरमा आशीर्वाद र शुभेच्छासहित आउनुहुने महानुभावहरूको कृपया स्वेच्छाले नगदमा सहयोग पुऱ्याउनुहुन अनुरोध गर्छु' भनेर ।

उपरोक्त वाक्यांश लेखेर पठाएपछि निम्तालुहरू छक्क परेका थिए । निम्तालुहरू रिसाउलान् भनेर उनले कार्डमै अगाडि लेखेका थिए- कृपया यस अनुरोधलाई अन्यथा नलिनुहोला । जसले उनको कार्ड पहिलोपल्ट पाए उनीहरू अवाक भए, जसले समाजसेवाको क्षेत्रमा उनको योगदान थाहा पाएका थिए उनीहरू पनि धौभडेलको नयाँ र पुज्नलायकको निस्वार्थ कार्य देखेर मख्ख परे । जन्मोत्सवकै अवसरमा उनले आफ्नो घर, कटुन्जे गाविस-७ स्थित सुन्दरबस्तीमा हरिवंश पुराण (नवाह) को आयोजना गरे । नवाहको समापन तथा स्वर्ण जन्मोतसव एकै दिन परेकाले प्रसाद खाने र जन्मोत्सवको शुभकामना दिने निहुँले धेरै आफन्त र शुभचिन्तक त्यहाँ आएका थिए । त्यसमा पनि अधिकांश पाहुना ५० वर्ष उमेर काटेकै व्यक्तिहरू थिए ।

नभन्दै निम्तालुहरूले उनको इच्छाबमोजिम १०, २०, १००, ५०० र १ हजार गर्दै नगद 'उपहार' दिँदा त्यस दिन १ लाख २५ हजार ८९८ रुपैयाँ ८५ पैसा जम्मा भयो । वृद्धाश्रम खोल्न उनको लागि 'सीड मनी' भइसकेको थियो । 'मैले करिब २ लाख रुपैयाँको अपेक्षा गरेको थिएँ, तर कम जम्मा भयो तैपनि म निकै खुसी छु-' उनले भने ।

उनको कार्यलाई त्यतिखेरै धेरै पाहुनाले प्रशंसा गरेका थिए । वृद्धाश्रम स्थापना गर्न धेरैले मौखिक आश्वासन पनि दिए धौभडेललाई । सार्क र संकटकालको झमेलाले गर्दा काठमाडौंबाट आउने २/३ सय आफन्त र शुभेच्छुकहरू आएनन् तैपनि जतिजना आए सहयोग गरे त्यो नै निकै ठूलो विषय हो- उनले भने- राम्रो काममा सबैले सघाउँछन् भन्ने कुरा प्रमाणित गरेको छ । त्यसो त अन्य विभिन्न संघसंस्थामा पनि आबद्ध भई समाजसेवा गर्दै आएका श्यामसुन्दर धौभडेललाई भक्तपुरको सन्दर्भमा परोपकार संस्थाका संस्थापक दयावीरसिंह कंसाकारकै समान प्रतिष्ठा गरिन्छ ।

भक्तपुर टौमढी स्क्वायरका दीर्घनारायण तथा कृष्णकुमारी धौभडेलका साहिंला छोरा श्यामसुन्दर धौभडेलको वृद्धाश्रम स्थापना गर्ने दृढ र पवित्र इच्छाबाट भक्तपुरका २ हजार २ सय ३२ जेष्ठ सदस्य तथा २ हजार ३ सय २ जना असहाय विधवाहरूको खुसीको दिन फिर्ने आशा व्यक्त गरेका छन् ।

# सारा सम्पत्ति राष्ट्रलाई : आफ्नो उपचारका लागि आर्थिक अभाव

*– डा. प्रभा बस्नेत*

नेपालको राजनीतिक एवं बौद्धिक क्षेत्रमा सुपरिचित नाम डा. डिल्लीरमण रेग्मी अहिले ८८ औं वर्षमा हुनुहुन्छ। जीवनका यी ८८ वर्षमध्ये सुरुका १८ वर्षलाई छोडेर बाँकी समय र उहाँले प्रत्यक्ष-अप्रत्यक्ष रुपमा नेपाली राजनीतिमै खर्चिसक्नुभएको छ । राजनीतिलाई धर्मक्षेत्र र मातृभूमिलाई कर्मक्षेत्र मान्ने यी गान्धीवादी राजनेताले यही आदर्शका निम्ति आफ्नो सारा जीवन समर्पित गर्दै आउनुभएको छ । र यही जीवनदर्शनका कारण उहाँ एक आदर्श व्यक्तित्वका रुपमा नेपाल र नेपाली जनमानसबीच सम्मानित हुनुहुन्छ। आफ्नो सर्वस्व श्रीसम्पत्ति नै राष्ट्रलाई सुम्पने यी त्यागी राजनेता झण्डै तीन महिनायता मृगौला, मधुमेह र उच्च रक्तचापजस्ता रोगले ग्रस्त हुनुहुन्छ। विदेशमा पटक-पटक आफ्नै खर्चमा उपचार गराउँदै आउनुभएका डा. रेग्मी अहिले हप्ताको तीनपटक महंगो डायलोसिस गर्नुपर्ने स्थितिमा पुग्नुभएको छ।

एकातिर प्रतिकूल स्वास्थ्यस्थिति अर्कातिर आर्थिक अभाव यी दुई विकराल समस्या हुँदाहुँदै पनि उहाँ आफ्नोभन्दा मुलुककै बढी चिन्ता लिरहनुभएको छ । माओवादी समस्या र अशान्तिले उहाँलाई पोलेको छ र त्यसको निदानको निम्त उहाँ ओछ्यानबाटै भए पनि मध्यस्थता गर्न तयार हुनुहुन्छ। 'मुलुक बर्बाद भएको म देख्न सक्दिन' भन्ने यी वृद्ध गान्धीवादी राजनेता वास्तवमै अहिंसावादी र शान्तिबाट समस्या समाधान हुने कुरामा पनि आश्वस्त हुनुहुन्छ । त्यो विश्वासको प्रेरणा लिनु हामी सबैको कर्तव्य हुन आउँछ।

डा. रेग्मीको जन्म वि.सं. १९७० पुस ३ गते पौष कृष्ण चौथीका दिन काठमाडौंको किलागलमा भएको हो । डा. रेग्मी तत्कालीन राणा शासनकालमा उच्च ओहोदामा आसीन रोहिणीरमण रेग्मी र माता मुक्तिदेवी रेग्मीका एक्लो छोरा हुनुहुन्छ । रानीपोखरी संस्कृति पाठशालाबाट प्रथमा पास भएपछि १५ वर्षकै उमेरमा अंग्रेजी पढ्नका लागि दरबार हाई स्कूलमा भर्ना हुनुभयो । त्यतिबेला विहारको पटना विश्वविद्यालयसँग आबद्ध यही स्कूलबाट प्रथम श्रेणीमा मेट्रिक पास गर्दा उहाँले नेपाली विद्यार्थीहरूमध्ये पहिलो स्थान हासिल गर्नुभएको थियो।

क्याम्पस जीवनमा प्रवेश गर्ने बित्तिकै १८ वर्षकै उमेरमा कल्याणी पाण्डेसँग विवाह भयो डा. रेग्मीको। तर यो वैवाहिक खुसीको अनुभूति धेरै रहेन। वि.सं. १९९५ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए. गर्नुभएका डा. रेग्मीले त्यसको दुई वर्षमा मद्रास विश्वविद्यालयबाट शोधग्रन्थमा प्राप्त हुने विशारद् उपाधि एम.लिट, प्राप्त गर्नुभयो। पछि पटनाबाटै अर्थशास्त्रमा पीएच.डी. गर्नुहुने डा. रेग्मीले सन् १९९६ मा डि.लिट. र पूर्व सोभियत संघबाट मानार्थ डि.एस.सी. उपाधि प्राप्त गर्नुभयो । डा. रेग्मी विश्वस्तरका यस्ता अन्तर्राष्ट्रिय उपाधिहरू पाउनुहुने प्रथम नेपाली हुनुहुन्छ।

डा. डिल्लीरमण रेग्मीका सामाजिक जीवनका दुई पाटा छन्। पहिलो पाटो हो - उहाँ इतिहासवेत्ता र अनुसन्धानकर्ता हुनुहुन्छ । उहाँले यस भूमिकामा आफूलाई एक सशक्त हस्ताक्षरका रूपमा प्रस्तुत गर्दै नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहासका थुप्रै ग्रन्थहरूमार्फत् नेपाली इतिहासका कैयौं र हस्यहरूको समाधान गर्नुभएको छ । एकतन्त्रीय शासनको एक शताब्दी, नेपाली प्रजातान्त्रिक संघर्ष र युगौंदेखिको नेपाल भारत सम्बन्धजस्ता इतिहाससँग सम्बन्धित विषयका ग्रन्थकार डा. रेग्मी नै हुनुहुन्छ। इतिहास बाहेक डा. रेग्मीले अर्थशास्त्र र नेपाली वाङ्मयका फाँटमा पनि अनेकौं कालजयी कृतिहरू सिर्जना गरेर नेपाली इतिहास अनुसन्धान र बौद्धिक पुनर्जागरणमा पर्याप्त योगदान दिनुभएको छ।

डा. रेग्मीको दोस्रो पाटो हो- उहाँको राजनीतिक व्यक्तित्व । उहाँको यस व्यक्तित्वलाई पछ्याउन वि.सं. १९९० माघ २ गतेको प्रलयकारी भुकम्पसम्म पुग्नुपर्छ । भुकम्पमा परेका मानिसहरूको उद्धार गर्न एक स्वयंसेवक संगठन स्थापना गरेर त्यतिबेलाका किशोर डा. रेग्मी संगठन स्वतन्त्रताको पक्षमा उभिन पुग्यो। पार्टी वि.सं. १९९७ मा त्यो विधिवत् रुपमा दर्ता भयो। यसरी स्थापना हुनपुगेको नेपाली राष्ट्रिय कांग्रेस अनेकौं आरोह-अवरोहका साथ नेपालको राजनीतिक इतिहासमा आजपर्यन्त रहिरहेको छ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको सद्भाव र साथ चाहिन्छ, डा.रेग्मीको सुरुदेखिकै विश्वास हो यो । जब उहाँ भारतमा अध्ययनार्थ रहनुभएको थियो, त्यतिबेला उहाँ महात्मा गान्धी, जवाहर लाल नेहरु, सुभाषचन्द्र बोस, डा. राजेन्द्रप्रसाद, रफी अहमद, किदुवाइजस्ता विशिष्ठ भारतीय नेताहरूको सम्पर्कमा आउनुभयो । यस सम्पर्कले अन्तत: उहाँलाई ब्रिटिश र उपनिवेशवादको विरोध र प्रवासमा नेपालीलाई प्रजातन्त्रका लागि जागरुक बनाउने प्रयासमा संलग्न गरायो । यही सिलसिलामा डा. रेग्मी भारतको स्वतन्त्रता आन्दोलनको क्रममा गिरफ्तार भई जेल पनि पर्नुभयो ।

कारावासकै क्रममा बनारसमा २ वर्ष राखिएपछि उहाँलाई लखनऊस्थित सेन्ट्रल जेलमा सारियो । गोर्खा पल्टन भड्काउनेदेखि सुभाषचन्द्र बोससँग सम्पर्क गरेको अभियोगसम्म लगाइएका डा. रेग्मीलाई चलाइएको मुद्दाका आधारमा प्राणदण्डसम्म पनि हुन सक्थ्यो । यत्तिकैमा नेपाल सरकारलाई सुपुर्दगी गर्ने हल्ला चल्यो । परिस्थिति र लगाइएको अभियोगका आधारमा उहाँलाई प्राणदण्ड पनि हुन सक्ने पीरले अस्वस्थ हुनुभएकी उहाँकी धर्मपत्नी परलोक हुनुभयो । यता नेपालमा श्रीमतीको देहावसान, उता भारतमा चलाइएको मुद्दामा दोषी प्रमाणित । डा. रेग्मीको निम्ति यो अत्यन्तै पीडादायक क्षण थियो । तर भारत स्वतन्त्र हुने निश्चय भएपछि डा. रेग्मीले सजाय भोग्न परेन । ५ वर्षपछि उहाँ कारागारमुक्त हुनुभयो । त्यसपछिका चार वर्ष उहाँ नेपालमा प्रजातन्त्र ल्याउने पूर्वाधारको तयारीमा लाग्नुभयो ।

वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएको लगत्तै प्रजातन्त्रका बलियो प्रतिपक्ष हुनैपर्दछ भन्ने अडानका साथ उहाँ आफ्नो निश्चित अडान र दृष्टिकोणका साथ विपक्षको भूमिकामा देखापर्नुभयो । त्यसको तीन वर्षपछि सरकारमा जानुभई परराष्ट्र मामिलासम्बन्धी मन्त्रालयको कार्यभार सम्हाल्दै नेपाल-चीन सम्बन्धको सामान्यीकरण एवं संयुक्त राष्ट्र संघमा नेपाललाई सदस्यता दिलाउन आवश्यक पूर्वाधार तयार गर्नुभयो । प्रजातन्त्रमा संस्था र नियमले प्रजातन्त्र विकसित गर्नुपर्छ भन्ने धारणाको कट्टर हिमायती डा. रेग्मी निजी काममा सरकारी साधन प्रयोग गर्ने कुराको सधैं विरोधी रहनुभयो । गृहमन्त्री हुँदा उहाँले न गुप्तचर बापतको रकम लिनुभयो, न त आफ्नो सचिवालय नै राख्नुभयो । निजी कार्यमा सरकारी स्रोत र साधनलगायत कुनै सरकारी सुविधा उपयोग गर्नुभएन ।

सत्य र अहिंसामा सदैव विश्वास राख्ने डा. रेग्मीको दृष्टिमा दया, करुणा र क्षमा नै चरित्रका आधार हुन् । आफूलाई हिन्दू भन्नमा गर्व गर्नुहुने डा. रेग्मी सबै धर्म र तिनका गुरुहरूको आदर गर्नुहुन्छ । विश्वलाई नै आफ्नो परिवार मान्नुहुन्छ । नेपाल विश्व शान्ति समिति, नेपाल अफ्रो एसियाली जनएकता समितिको अध्यक्षता ग्रहण गरिसक्नुभएका डा. रेग्मी हाल अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रबर्द्धन समिति, गान्धी अन्तर्राष्ट्रिय शान्ति केन्द्र, गौतम बुद्ध प्रतिष्ठानको संस्थापक अध्यक्ष र नेपाल इतिहास संघका प्रमुख संरक्षक रहँदै आउनुभएको छ ।

राजनीतिक परिवर्तन र सुधारका लागि सदैव अहिंसात्मक आन्दोलन र संघर्षमा विश्वास गर्नुहुने डा. रेग्मीको आदर्श व्यवहार हो- सादा जीवन, उच्च विचार । जसलाई उहाँले सदैव व्यवहारमै अनुदित पनि गर्दै आउनुभएको छ । साध्यलाई भन्दा साधनलाई बढी महत्त्व दिनुहुने उहाँको आस्था राष्ट्रियता, बहुदलीय प्रजातन्त्र र खुला समाजप्रति सधैं रहँदै आएको छ । राजनीतिको लागि राजनीति गर्नु हुँदैन, राजनीति त शान्ति र मुलुकको प्रगतिको निम्ति गर्नुपर्दछ भन्ने सोचाइ राख्नुहुने डा. रेग्मी यतिबेला सबै किसिमको राजनीतिभन्दा माथि हुनुहुन्छ । अहिले उहाँ सबै पार्टीका शीर्षस्थ नेताहरूलाई मुलुक र जनताको निम्ति राजनीति गर्न आग्रह गरिरहनुभएको छ । उमेर र इतिहास दुवै दृष्टिकोणले नेपाली राजनीतिकै जीवित इतिहास डा. रेग्मीको आग्रहलाई मुलुकका सबै नेताहरूले कतिको सुनेका छन्, यो अर्कै प्रसंग हो । अहिले उहाँको चिन्तनसँगै जोडिएको कुरा उहाँको उपचार हो । उहाँले त्यसबारे सरकार या कसैसँग हात नफैलाउनु एउटा पक्ष हो । तर के यी महान् व्यक्तिका लागि समाज र राष्ट्रले कुनै दायित्वबोध गर्नु पर्दैन ?

***(पूर्व सचिव डा.बस्नेत, डा. डिल्लीरमण रेग्मी ट्रष्टको सदस्य हुनुहुन्छ । प्रस्तुत लेख डा. डिल्लीरमण रेग्मी जीवितकालमा प्रकाशित भैंसकेको हो ।– सं)***

# छलफल

मेघदूत

आज त ठीक समयमा नै थुप्रै सहभागीहरूको उपस्थिती देखियो नि । यसलाई सन्तोषपूर्ण प्रगतिको लक्षण मान्नुपर्छ । आयोजककोतर्फबाट कार्यक्रम संचालन गर्ने संकेत पाउने वित्तिकै एकजना नयाँ सहभागीले बोल्न शुरु गरिहाल्यो - "हुनत म एकजना अनपढ ज्यापू हुँ । तर विद्वान भिक्षुहरूको संगतमा परी बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएँ । फलस्वरूप मैले एउटा जिज्ञासा बोकी आएको छु । मेरो मनमा आजकल यसरी खुलदुली भइरहेको छ । बुद्ध पूजा गर्नु बुद्ध शिक्षा अनुकूल हो वा साधारण मानिसको आस्था मात्र हो ? विभिन्न खाद्य पदार्थहरू बुद्धमूर्ति अगाडि चढाउने बेलामा त्यसलाई बुद्धले स्वीकार गर्नुहुन्छ र ?

आयोजक-

तपाईले त एक अनपढ ज्यापू भएर पनि ज्यादै गम्भीर प्रश्न उठाउनु भयो नि । जहाँसम्म हामीलाई लाग्छ, बुद्ध पूजामा मात्र सीमित रहने कार्य बुद्ध शिक्षा अनुकूल नभए तापनि बुद्ध एक त्यस्तो व्यक्तित्त्व हुनुहुन्छ जो हामी जस्तो साधारण मानिसहरूले पूजा गर्न योग्य हुनुहुन्छ । बुद्ध शिक्षानुसार बुद्ध अनुयायीहरूले त बुद्ध गुण स्मरण गर्ने उद्देश्य राखी पूजा गरिरहेको हुन्छ । पालि भाषामा पढिने पाठ कुनै प्रकारको प्रार्थना र अर्चना होइन । त्यो त बुद्धको विशेष गुणलाई पाठ गरिएको मात्र हो ।

सहभागी-

होइन ! बुद्ध त मूर्ति पूजा विरोधी हुनुहुन्थ्यो भनिन्छ नि ।

आयोजक-

प्रश्न ठीकै हो । बुद्ध मूर्तिको निर्माण त बुद्ध परि निर्वाण भएको ४ सयवर्ष पछि मात्र राजा कनिष्कको पालामा भएको हो । महायानी र श्रावकयानी (थेरवादी) बिच प्रतिस्पर्धा हुन थालियो । आफूतर्फ जनसमूहको ध्यानाकर्षण गर्नको लागि मूर्ति निर्माण गरी महायानीहरू भक्तिमार्गतर्फ लाग्न थाले । धेरैजसो मानिसहरू भक्तिमार्ग तर्फ नै बढि रुची राख्ने गर्थे । यसरी थेरवादी तर्फ जनताको ध्यान विमुख हुन थालियो । अनि थेरवादीहरूले पनि बुद्धमूर्ति बनाई गुरुको रुपमा पूजा गर्न शुरु गरे । महायानीहरूले भने ईश्वर वा देवताको रुपमा पूजा गर्न शुरु गरे । बुद्ध मूर्ति पूजाको संक्षिप्त इतिहास यसरी रहेको देखिन्छ । तर बुद्ध शिक्षा अनुसार पूजा र भक्तिमार्गले दुःखबाट मुक्त हुन सक्दैन । दुःखबाट मुक्त हुनको लागि चित्त शुद्ध गरी आफ्नो आचरण राम्रो पार्नु पर्दछ ।

एक नयाँ युवक सहभागी-

मैले बुढानिलकण्ड स्थित धर्मश्रृङ्ग विपश्यना केन्द्रमा गई विपश्यना ध्यान शिविरमा भाग लिएर आइसकें । त्यहाँपनि बुद्ध मूर्ति पूजा गर्ने कार्यतर्फ ध्यान दिएको देखिदैन । चित्त शुद्ध गरी आचरण शुद्धिकार्यतर्फ ध्यान दिनु नै बुद्ध शिक्षा हो भनेर शिक्षा दिने गर्छ त्यहाँ । बुद्ध मूर्ति त हाम्रो लागि प्रेरणाको स्रोत मात्र हो । बुद्ध शिक्षा भक्तिमार्ग नभई ज्ञानमार्ग भएकोले भक्तिमार्गलाई बैदिक मार्गको प्रभावको रुपमा लिन सकिन्छ । युवकको यस भनाईलाई बहुमतले समर्थन गर्न थाले ।

एकजना पत्रकार (आफ्नो जिज्ञासा प्रकट गर्दै)-

नेपालमा बौद्धहरूको संख्या वास्तवमा कति छन् होला ?

आयोजक-

(हिन्दूधर्म मिश्रित बुद्ध धर्म) खिचडी बुद्ध धर्म मान्ने व्यक्तिहरूको संख्या त ५० प्रतिशत भन्दा बढि छ । शुद्ध तरिकाले बुद्ध धर्म मान्ने व्यक्तिहरू भने एक प्रतिशत मात्र पत्ता लगाउन पनि गाह्रै पर्छ होला । शुद्ध बुद्ध धर्मले ईश्वरवादी, जातीभेद, कर्मकाण्ड आदिलाई मान्दैन । शुद्ध बुद्ध मार्गीहरूले आचरण शुद्धिलाई प्राथमिकता दिई अहंकारलाई त्यागछन् । भक्तिमार्गलाई भन्दा ज्ञानमार्गलाई महत्त्वदिने उनीहरूले देखावटी धर्म गर्दैनन् र कर्त्तव्य पालनतिर लाग्ने गर्छन् । चाकडी

गराउने र मान सम्मान प्राप्त गर्ने लालच राख्दैनन् । हुनपनि जुन व्यक्तिले आफूलाई कर्त्तव्यपालन तर्फ मात्र लगाउन सफल हुन्छ, त्यही व्यक्ति बुद्धको सही अनुयायी हुन्छ ।

पत्रकार-

नेपाली जनतामा कुनै धार्मिक भेदभाव छ कि ?

आयोजक-

साधारण जनमानसमा त कुनै भेदभाव देखिदैन । हिन्दूहरू स्वयम्भूमा पनि जाने गर्छन् भने बौद्धहरू पनि पशुपतिमा जाने गर्छन् । यज्ञ होम कार्य स्थलहरूमा बौद्धहरू पनि जाने गर्छन् भने बौद्धहरूको महापरित्राण महोत्सवमा हिन्दूहरूले पनि भाग लिने गरेको पाइन्छ । यसरी नेपाली जनमानसमा धार्मिक भेदभाव छैन । ज्यादै राम्रो सहिष्णुता देखिन्छ दुवै धर्ममा ।

अर्को स्मरणीय कुरा बुद्ध मूर्तिले गर्दा भारतको प्रधानमन्त्री जवाहरलाल नेहरूको मनलाई शान्ति प्राप्त भएको कुरा उहाँकै आत्मकथामा उल्लेखित छ । त्यतिमात्र होइन द्वितीय विश्वयुद्धको समयमा तत्कालिन बेलायतका प्रधानमन्त्री चर्चिलको मन ज्यादै अशान्त भएको अवस्थामा पं. नेहरूले उहाँलाई बुद्धमूर्ति एउटा उपहार स्वरूप दिएर बुद्धको परिचय दिनुभयो । बुद्ध गुण स्मरण गर्दा चर्चिलको अशान्त मन शान्त भएको कुरा पनि उल्लेख गरिएको पाइन्छ ।

## बाल आश्रमलाई सहयोग

**मेत्ता सेन्टर ध्यानकुटी बाल आश्रमलाई आर्थिक सहयोग गर्ने महानुभावहरू :**

पद्मा श्रेष्ठ काठमाडौं रु. ५०२/-

प्रकृति श्री तुलाधर काठमाडौं रु. १००/-

तीर्थदेव मानन्धर बनेपा बृद्धाश्रम रु. १००/-

दयालक्ष्मी श्रेष्ठ बनेपा रु. १००/-

# मान्छे

-सरोज उदास
पोखरा-३

मुट्ठी भरको ढुकढुकी मुटु
मुट्ठी भरको सास ।
बाँच्छन् मान्छे संसारमा
लिई आसै आस ॥

अहिल्ये होकी भरैनै हो
छैन ठेगान तनको ।
हीरामोती जोड्छु भनि
बन्छन् नोकर मनको ॥

मनको बसमा परि मान्छे
मृगतृष्णा गरी ।
अकुशल कर्म गर्छन्
धनको लोभमा परी ॥

लोभी पापी बनि मान्छे
धन सम्पत्ति जोड्छन् ।
स्वार्थी बनि आँखा चिम्लि
सम्बन्ध नै तोडछन् ।

हिंसा लुटमार बढ्यो सारै
मान्छे भयो भ्रष्ट ।
संस्कृतिनै नष्ट बनाई
पछि पार्‍यो राष्ट्र ॥

तत्व ज्ञानको पत्तो नपाई
संसार सत्य माने ।
सुख सयल मोजमज्जानै
जीवन अङ्ग ठाने ॥

भौतिक सुख प्राप्ती मात्रै
होईन जीवन सार ।
परम सुख शान्ति भन्नु
चित्त निर्बिकार ॥

शील समाधि प्रज्ञा विना
हुन्न सम्यक शिक्षा !
आडम्वरले कति होला
यो देशको रक्षा ॥

# थ:त जूगु अनुभवया खँ

-जयवती

थौं सुथे जित तस्सकं लयूता वल, छाय् धा:सा जिके छु छु दोष दु धका मसिया च्वंगु। थ:गु दोष थ:म्हं खंके अपु मजू। जि धम्मपद सफू ब्वना च्वनाबले उकी गौतम बुद्धं धया बिज्यागु दु थ:गु दोष क्यना ब्यूम्हेसित गाडेयाना त:गु धन क्यना ब्यूम्ह धका सम्भे जुइमा:। धात्थें नं भीत भिंगु सुभाव बीपिं व दोष क्यना बीपिं मा:। थ्व खँ थुइका बीत जित अनुभव जूगु छगूनिगू खँ थन न्ह्यथने।

भचा स:स्यू जुलकि घमण्ड पिहाँवियो। जिं थुलकि थ:त थ:म्हं जि स: धका धायूमज्यू। खजा अरहत मजूतले यात जि स: जि स्यूम्ह ख: धका धायेगु बानि दया च्वनी। थथे धायुगु बानियात अभिमान व अहंकार धाइ। अज्ञानिपिसं जक अथे धाइ। अरहतपिसं अथे धाइ मखु।

जि छन्हु मा गुणवती गुरुमाँ नाप खँ ल्हाना च्वं च्वं धया- जि बांलाक बाखँ नं कने मस:। खँय् भाय (नेपाली भाय्) अंग्रेजीभाय्, बर्मीयाय् नं छुं मस: उकिं दु:ख ता:।

अले गुरुमाँनं धया बिज्यात जिनं बांलाक बाखँ कनेमस:। जिं बाखँ कने बले स्पष्ट मजू, न्यनीपिसं बांलाक्क थ्वीक कने मस:। अभ्यास याना यंकेमा:गु खँ ख:। थ:सिबे स्यूपिसं बाखँ कनी बले बांलाक ध्यान बिया न्यना स्यनाकायूगु मन जुइमा:। उबले धम्मवती गुरुमाँ क्वथाय् दुहाँ बिज्यात। अले मागुण गुरुमाँ नं धया बिज्यात- जयवतीया बाखँ कने मस: धका दु:ख ताया च्वन। अले धम्मवती गुरुमाँ नं धया बिज्यात - जयवतीयाके भचा आँट धयागु मदु। आँट व साहस मदयूक छुं नं सयूके फै मखु। जिं सयूका मकासे तोते मखु धयागु हिम्मत मा:। घोके याय्मा अले अथें सयावइ। कुत: याइ मखुपिसं छुं नं सय्का नय् फै मखु। बौद्ध परियत्तिया कोविद पास जुइधुंम्हेसिनं अथे छुं मस: धायूगुला ? न्हेगु च्यागु क्लाशे ब्वना च्वंपिसं हे बाखँ कने स:, छ अभ्र कोविद पास जुइ धुंकम्हेस्यां अथे धायगुला ? आ: छिमित गुँलाबले बुद्धपूजानापं बाखँ कनेगु नं पालंपा याना पा: बीगु। आ: जिपिं बैस वंपिं जुल। जिमिगु पा: सिधया वल। छिमिगु पा: वल धका धया बिज्यात।

जि न्हापां हे धया थौं जि साप लयता वो धका। धम्मवती गुरुमाँया पाखें अथे धायूके मास्ते वोगुलिं जि छुं मस: धका धयागु ख:। जि मस: धका मधयाबले थुकथं ज्ञानया खँ धया बिमज्या:। जि स:धका सुकं च्वना च्वंसा थुलि ज्ञान या खँ न्यने दै मखुगु खै। जि कोविद पास जूम्हजा ख:नि धका घमण्डी जुया च्वंगु जूसा त: धंगु ज्ञान दइ मखु। मस: धका च्वना च्वंसा सयूकेगु यक्वं लँदु।

गुरुमाँनं जि थन विहारे च्वसांनिसें थुगु ज्या यायूगु ज्यू, थुगु ज्या याय् मज्यू धका गुबलें धया बिज्याइ मखु। मनं खना याय् स: मस: धका करुणा तइ च्वनी। गन गन वना च्वन, च्वं च्वन, छुयाना च्वन गुरूमाँ नं छुं धया म बिज्यात कि गुरुमाँ नं छुं नं धया बिमज्या: धका मिचाहा पह जुया बानि स्यना वने यो। यो यो थे हालेगु बानि जुया वइगु स्वभाव खनि। उकिं गुरुमाँ नं जित करुणा तया आँट व उत्साह दयूके मा: धया बिज्यागु ख:।

मागुण गुरुमाँ नं धया बिज्या: थें थकालिपिं गुरु माँपिनिगु बाखँ न्यना सयूके मा धा:थें थ:म्हं फक्व मनं खना ज्यायायूमा:। मेपिन्त ज्या वायूगु सिबें थ:म्हं हे मनं खना ज्या यायफुसा पुण्य अपो लाइ धैगु मती तया मचापिं गुरुमाँपिन्त ज्या मवाना। ज्या अरे मयाना। हुकुम चले यायूथें ज्या अरे यायूबले पुण्य पा: जुइ। धर्मलाइ मखु। गुरुमाँयागु अर्ति व ज्ञान या खँ न्यना जि मनं खना ज्या याना यंकेगु बानी बसे याना च्वने। ज्या याना च्वने बले गुरुमाँ नं स्वजक स्वया च्वनी, छुं धया बिज्याइ मखु।

जित योगु छता दु जिं छुं द्वंक ज्या यायूबले न्ह्योने हे धाइगु। लिउने लिउने धालकि तं पिहाँ वो। आ:ला धम्मवती गुरुमाँ नं जि (जयवती) गज्योम्ह धका म्ह सीका बिज्यात। थ्व विहार पिया तसें निसें गुरुमाँ नापं छगू हे क्वथाय् द्यना च्वना। गुरुमाँ नाप भोजन नं वनेगु, परित्राण नं पाठ या: वनेगु। अथे जू बले गुबलें गुबलें अभिमान (अहंकार) नं दया वो। तर चायूका अभिमान यात दबेयाना च्वना। गुरुमाँ नं बरोबर सम्भेयाना बिज्याइगु अभिमानयात दबे याना छो। उकिं गुरुमाँया प्रति यक्व कृतज्ञ जुया।

# विपश्यना ध्यानया महत्त्व

*- महेन्द्र रत्न उपासक*
*नगर मण्डप श्री कीर्तिविहार ।*

सम्यक सम्बुद्धं मनूतय्त शुद्धगु धर्म हे जक स्यनाबी । शुद्ध धर्म धयागु हे प्रकृतीया नियम ख: । गुगु नियम सम्पूर्ण प्राणीयात छगू हे समान लागु ज्वी । थ्व नियमं सुयात नं पक्षपात याइमखु । सुनानं थ्व नियम पाले या:सां मया:सां वहे अनुसार प्रकृतिं लिच्व: बियाच्वनी । प्रकृतिया नियमयात मसिया: लोमंका: धर्म धारण याय् मसय्का च्वनापिं भ्रीत थ्व नियम थ्वीका बीगुलागि भगवान बुद्धं थ:गु अनुभवद्वारा थ्व कानूनयात स्थूलं निसें शुक्ष्म तक थ:गु खुकुत्या हाक:गु शरीरया दुने स्वस्वं ल्वीका बिज्या:गु थ्व विद्यायात हे विपश्यना ध्यान धाइगु ख: । न्ह्यावलें मिखा तिसिना जक च्वनेगुयात विपश्यना धाइगु मखु । शील पालन यानां समाधिं एकाग्र जूगु चित्तं प्रज्ञा सत्ययात गथेख: अथेहे यथार्थं खंकेगु ।

भ्रीसं पिनेया रंगी विरंगी दृश्यत स्वया: न्ह्याइपु तायका च्वना: । थ:गु शरीरया दुनेच्वंगु रंगी विरंगी दृष्ययात धा:सा वास्ता मयासे न्ह्यो वयकाच्वना । थुकिं याना: थ:त थम्हं म्हमसीका: च्वनेमाल । थ:त थम्हं स्वयमस:गुलिं याना: दु:खया मूल कारण खंके मफया च्वन । रोगीयात बैद्यं मा:गु वास: चूलाका बीथें बुद्धं नं भ्रीत दु:खं मुक्त ज्वीगु लँपु तप्यंक क्यना बिज्या:गु दु । तर छुयाय् उगु लँपुयात भ्रीसं थ्वीका काय् मफयाच्वन । वास: मन:म्ह रोगीं बैद्ययात अपजश बीथें भ्रीसं बुद्धं क्यनाविज्या:गु लँपुई वने मसया: अपजश बियाच्वना । तर थुगु लँपुई मनुष्य बाहेक पशुपंक्षी वनेफैमखुगु जुयाच्वन । उकें भ्रीसं थ:गु थ्व मनुष्य जीवनयात सार याय्मा:गु दु । हिंसा, अन्याय अत्याचार व मिथ्यादृष्टी आदि कुबानी तोता: अज्ञानता मदयके मा:गु दु भ्रीसं । संसारयात गथे ख: अथेहे थ्वीका काय्फैगुयात हे विद्या धाई । चतुआर्य सत्ययात थ्वीका: चित्त मभिनीगु ज्या फुक्क पाप कर्म धका: सीका: तोते फयकेमा: । उकीं भ्रीगु जीवन सुथांलाक हनेत ज्ञान आवश्यक जू । अले तिनि भिंगु ज्वनेगु व मभिंगु त्व:तेगु सयावई । बुद्ध धर्म धयागु हेतुवाद जूगुलिं घटनायात वाला स्वय सयकेमा: । विना कारण थन छुं हे ज्वीमखु धका: सीका: बांलाक बिचा: याना: स्वयमा: । कारण व कार्ययात सीकेमा: । गन समस्या दु अन समाधान नं नाप नापं हे दै ।

# "छचेँनं निसें विहारे तक"

**(अनुभव)**

***-किशोर घुस:***

भ्रीपि लँय् वनेबले ध्वबा अथवा अनेक बस्तुत इलेब्यले लुया वैथें तुं अथे हे इलेब्यले छकनिक: नापलाइम्ह पासां ब्यूगु बुद्ध धर्मया किताब त स्वया मन फ: हिइका विहारे पला: न्ह्या: म्ह मनूया विहारे पला: गुकथं न्ह्यात अले पला: न्ह्याका छु गुलि ह्यूपा: वल धैगु अनुभव छक न्ह्यब्वया च्वना ।

थनी स्वीच्यादँ न्ह्य: बज्राचार्य कुले जन्म जुया गुदँ दुबले बौ मदुसांनिसें आजु जुयाच्वंम्ह बुराम्ह बाज्याया चोलापतिं ज्वज्वं पूजापाजा जुइबले जयमां च्वनां बान्हि-बान्हि ग्वांलाना मचांनिसें स्यना ब्युब्युथें पूजापाजा जक सय्कात:म्ह, स्वाँ कुचा-कुचा याना ह्वलेगु व किव:, तिनेगुलि जक न्ह्याइपु ताइम्ह मनूखं किताव निगू-प्यंगू स्वया मन हीका विहारे पला: तय्सेकेगु धैगु पुर्व जन्मया संस्कार भिना हे बाँला: थाय् पला: ला:गुख: । पुर्व जन्मया संस्कार लिसे स्वापु मदू धैगु जूसा गुलिं मनूत विहार लिक्क छचैं जुया नं (जन्मं बौद्ध जुया नं) बुद्ध धर्म नाले मफुपिं यक्कों दु अथवा विहारे पला: तयमस:पिं (कर्मं बौद्ध जुइ मस:पिं) नं यक्कों दु ! मदुला ?

बाज्यापिसं क्यनात:गु मदु, मां-बौपिसं क्यनात:गु मदु, सुनानं ब्वनायंकेम्वा:क फसं पुइकूथें मन (चित्त) यात फसं पुइका बिहारे यंकेगु धैगु अलौकिक शक्तिं याना मखु । यदि शक्तिं यंकूसा द्य:पिंथाय् जक यंकी विहारे यंकी मखु । गुगुं छचें न्हापा बुद्धया तस्वीर छपा धया मदु, बुद्ध धर्मया किताब छगू धया मुद, सुनानं बुद्ध छक नांका:गु न्यनेमदु । ०३६ सालं बाज्या मदेधुसेंलि अजा:गु छचें च्वंमेसित छम्ह पासां अचानकं धम्मवती गुरुमां नं च्वयाबिज्यानात:गु "प्रेमं छु ज्वी" धा:गु किताव छगू बिया - थ्व किताब छगू ब्वना स्वयन्ह्यांला ? धका न्यन - ज्यु न्ह्यां किताब कया ।

निन्हु-स्वन्हु लीपा नापला: बले किताव स्वय धुनला छु थुल ? धया न्यन । अथे न्यनी धया मती हे मलू, मथूगुलिं हाकन छक ब्वना स्वये धया लिस: बिया । गबलें स्वय् मनंनिगु ज्ञानया किताब जुल काचाक्क थुइगु नं गथे । खुब मन बिया स्वक: तक ब्वनातिनि थूथें जुल अले लीपा नाप ला: बले न्यनेम्वा:क लिस: बिया-अप्व माया यात धायवं दु:ख-जुइय: धा:गुख: ला? धया, पासां खुब मेहनत यात धया हाकन शिष्टाचार धा:गु किताब छगू

क्या हयाबिल । थथे हे छगू-निगू यायां पासा याके दूगु निसः लं मयाक किताब हया बिल । थुलिमछि सफूत अल्सि मचाः से हया ज्ञानया भण्डार चायका ब्यूम्ह पासायात धन्यवाद मबीगु धैगु अन्या ज्वी । ज्ञानया भण्डारिक जुयाब्यूम्ह पासा पुष्पराज यात यक्को धन्यवाद दु । अथे हे किताब त स्वया यंकूं यंकूं भिंन्यादं लीपा जिगु मने - अन्धबिश्वासं थाय् तोतावन । अबले जिं अनेतने द्यो पिं पूज्याना माने यायेगु मोह-न्हि नखः यात तोता थःगु छचें सिचुसंगु अनुभव यासें "नत्थि में सरणं अञ्ञं बुद्धो मे सरणं वरं"

"जित बुद्ध छम्ह वाहेक सुं नं मेपिं शरण मदु" धैगु वाक्य यात अनुशरण याना काय्फत । अथेसां विहारे धासा वनेमसः नि, जिगु पलाः मन्ह्यानी । थनी न्यादँ ति न्ह्यः या खँ खः छथाय् छयैं भिक्षुसंघ भोजन सताः तःगु जुयाच्वन । मेमेपिं भन्तेपिं स्वयां श्रद्धेय शीलभद्र भन्ते- छुँ ई न्ह्यः बिज्याःगु जुया वसपोल भन्ते नाप खं ल्हायगु जित अवसर चूलात । तर म्हुतुइ खँ मवया वसपोल नापं परिचय जक जुल । अन निला स्वला लीपा गुँलाया मतयाः कुन्हु थःगु जन्मन्हिया लसताय अचानक दान याय्गु मती लुयावल । वसपोल भन्ते नाप आखः निगः सां न्ववाय् धुनागु जुया छुं भतिचा मन बल्लाका मणि मण्डप विहार पाखे थःगु पलाः न्ह्याका । हाकनं विहारे हूलहूल जकं दैगु खः लाकि धैगु मने भ्वखाय् ब्वल । मखू ज्यायाय्त जकं लाज चायमा, बाँलाःगु ज्याया निम्ति छुंकिया लाज छुकिया भय धैथें मन बल्लाका लिफ, मस्वसे पला न्ह्याका । विहारेथ्यनेवं धात्थें हूलहूल खँबले छुयाय् छुयाय् जुयावन । छम्ह बाफःवंम्ह उपासकं जिगु मनया खँसीका थाय् छकू ज्याछिंका बिल । उम्ह उपासकयात जिं नं मनंमनं शुभाय बिया छसि लिक्क फेतुना । पलख लीपा श्रद्धेय भन्ते द्वारा शील प्रदान सिधयेका धर्म देशना अले विविध पूजा अनंलीपा दान-प्रदान न्ह्यात । जिं नं दान यायेत भन्तेया सन्मुख वना भन्ते मुसुक्क न्हिलाः न्हिन्हि बाखँ न्योंवःला ? धका न्यना बिज्यात । मस्यू भन्ते न्योंमवया धका धया । भन्ते नं हानिचा ५ बजे निसें न्हिन्हि बाखँ न्योंवा धका धया बिज्यात । जिं ज्यू भन्ते न्यों वये धया दान याय्माःगु याना लिहाँवया । थुगु हे दिने पाँच बजे निसें आः तक दँय्दँसं लच्छि-लच्छियंक अटूटरूपं वना हे च्वना तिनि । वसपोल भन्तेनं हानीचा वा न्है धका धयाबिमज्याःगु जूसा आः तक निरन्तर रूपं विहारे वनाच्वनी मखु ज्वी ।

भन्ते पिनिगु छगू शब्दद्वारा नं मनू तयेगु जीवने ह्यूपा वयफू धैगु छगू उदाहरण (दसू) जुया ब्यूगु दु ।

थथे विहारे पलाः तया दच्छि लीपा अयला त्वने गु बानी मदयेका छ्वयफत । हाकनं दच्छि लीपा अति संघर्ष याना स्वकः तक तोतेगु कतः याना नं तोते मफूगु चुरोट त्वनेगु बानी विहारे पलाः तयातिनी त्वतेत सफल जुल । नत्र नीनिदँ तक लत लगेज्वी धुंकूगु बानी तोतेतः सम्भव मदूगु खः । थुकिया निम्ति वसपोल भन्ते प्रति जि कृतज्ञ जुया यक्को यक्को साधुवाद बियाच्वना ।

थुगु हे बिहारे श्रद्धेय बुद्धघोष भन्ते नं छगू खँ धया बिज्याःगु जितः लुमंसेवो -थम्हं छुं बाँलाःगु ज्या याय्बले अथवा बाँलाःगु मार्गय् पलाः तयेबले मेपिसं प्रशंसा याय् न्हयः दकले न्हापां थः स्वयंनी गर्व ज्वी सयकेमाः अले तिनि हाकन हाकन भिंगु ज्याय् पलाः तयेत हपाः दै । मखुसा, मेपिनिगु प्रशंसाया भरे च्वनकि ज्ञान ला दै नाप नापं अभिमान नं जुया वै । थ्व खँ सकसिनं नं लुमंका तय् बहः जू । वसपोल भन्तेयागु थ्व धापूयात लुमंकुसें जिं गुलि नं किताब द्वारा वा धर्म देशनाद्वारा ज्ञान प्राप्त याना थःगु भिंगु संस्कार प्रति गर्व जुया पाठकवर्ग पिनि न्ह्योने खुशि प्वंका च्वना शुभाय् ।

---

## बुद्धको उपदेश

- सुरमावती

बुद्धको उपदेश हो उज्यालो ज्योती
अन्धकारमा पनि चम्कने मोती
बुद्धको उपदेश जति मूल्यवान् छैन अरु
यही उपदेशले दिन्छ साँचो सुख
यही उपदेशले दिन्छ मनमा शान्ति
यही उपदेशलाई प्रयोग गरे हुन्छ दुःखबाट मुक्ती

## भूल सुधार

धर्मकीर्ति वर्ष २० अङ्क ३ या पेज नं २१ य् उल्लेखित जुयाच्वंगु "बुद्ध मूर्ति उद्‌घाटन" शिर्षकया समाचारय् दिवंगत पूर्णदिवी तुलाधरया परिवारपिनि नां धलः या क्वय् "पति केशरमान तुलाधर" जक ज्वीमाःगुली मेकथं हे जुयाच्वंगुलिं थुकी ब्वमिपिसं मिलय्यानाः ब्वनादी धकाः अनुरोध यासे भूल सुधार यानाच्वना । -सं.

# विषय : "विश्वलाई भ्रममा पार्ने दार्शनिक जंजाल"

मिति ०५९।२।११ वक्ता : सोभियत रत्न तुलाधर स्थान : धर्मकीर्ति विहार रिपोर्टर : रामेश्वरी

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारको नियमित कार्यक्रम अन्तर्गत उक्त दिन गोष्ठीकै सदस्य सोभियत रत्न तुलाधरबाट "विश्वलाई भ्रममा पार्ने दार्शनिक जंजाल" विषयमा प्रवचन दिनुभयो ।

पहिले भइसकेको कामकुराको आधारमा १८ प्रकारका र भविष्यमा हुने कल्पनाको आधारमा ४४ प्रकारका गरी मानवमात्रलाई भुलाई राख्ने ६२ प्रकारका दार्शनिक जंजाल छन् भनि बुद्धले व्याख्या गर्नुभएको छ । ती हुन्-

१) शाश्वतवादी ४ प्रकारका : आत्मा र लोक (संसार) लाई नित्य अमर छ भन्ने धारणा राख्ने ।

२) आंशिक शाश्वतवादी ४ प्रकारका : ईश्वर ब्रह्मा नित्य अमर छ हामी मात्र अनित्य नाशवान छौं भन्ने धारणा राख्ने ।

३) अन्तानन्तवादी ४ प्रकारका : लोकलाई अन्त र अनन्त भन्ने धारणा राख्ने ।

४) अमरविक्षेपवादी ४ प्रकारका : कुन सही हो कुन गलत हो छुट्याउन नसकेको कारण स्पष्ट धारणा प्रकट नगर्ने ।

५) अधिच्चसमुप्पन्नवादी २ प्रकारका : आत्मा र लोक आफसे आफ उत्पन्न भएको हो भन्ने धारणा राख्ने ।

६) उद्धमाघातनिका संज्ञावादी १६ प्रकारका : मरिसकेपछि पनि आत्मासंग होस् भइरहन्छ भन्ने धारणा राख्ने ।

७) उद्धमाघातनिका असंज्ञावादी ८ प्रकारका : मरिसकेपछि आत्मा बेहोस् हुन्छ भन्ने धारणा राख्ने ।

८) उद्धमाघातनिका नैवसंज्ञानासंज्ञावादी ८ प्रकारका : मरिसकेपछि आत्मासंग न होस् भइरहन्छ न बेहोस हुन्छ भन्ने धारणा राख्ने ।

९) उच्छेदवादी ७ प्रकारका : मृत्युपछि आत्मा खत्तम हुन्छ भन्ने धारणा राख्ने ।

१०) दृष्टधर्म निर्वाणवादी ५ प्रकारका : यही जन्ममा नै निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्ने आदि ।

आँखा, नाक, कान, जिब्रो, शरीर र मन आदी ६ आयतनबाट बारम्बार स्पर्शगरी त्यसबाट उत्पन्न भएको संवेदना तृष्णा र घृणा तथा राग द्वेष र मोह उत्पन्न हुनाको कारणले नै मानिसहरू उक्त जंजालमा फसिराखेको हो र त्यसबाट मुक्त हुन पंचशील पालन गर्दै आर्यअष्टाँगिक मार्गमा हिंड्ने र ध्यानको माध्यमबाट प्रतित्य समुत्पादको नियम अनुसार जन्म मृत्यु उत्पत्ति विनास को यथार्थ ज्ञान प्राप्त गरी त्यस अनुसार आफुले जीबनयापन गर्दै गएमा उपरोक्त ब्रम्हजाल के हो भन्ने कुरा स्वत: स्पष्ट हुँदै जान्छ र यसरी उपरोक्त दार्शनिक जंजालबाट मुक्त हुनु भनेको नै वास्तवमा बुद्धको धर्ममा प्रवेश गर्नु समान हो । - उहाँले भन्नु भयो ।

### "प्रारम्भिक शील, मध्यम शील र महाशील"

वक्ता : सोभियतरत्न तुलाधर, स्थान : धर्मकीर्ति विहार
मिति : २०५९।२।२५
रिपोर्टर : रामेश्वरी

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रम अन्तर्गत उक्त दिन विहारकै सदस्य सोभियत रत्न तुलाधरबाट "प्रारम्भिक शील, मध्यमशील र महाशील विषयमा प्रवचन दिँदै भन्नुभयो- शीलपालन भनेको आचरण र बानी व्यहोरा सुधार्नको लागि हो । मानिसबाट महामानव बढ्नको लागि हो । शरीर र वचनबाट हुने गलत कार्यबाट बच्न पंचशील, अष्टशील, दशशील मात्र होइन प्रव्रजित वर्गहरूले निर्वाण प्राप्त गर्न प्रारम्भिक, मध्यम र महाशील पनि पालन गर्ने शिक्षा बुद्धले दिनुभएको छ ।

उहाँले भन्नुभयो- प्रारम्भिक शील अन्तर्गत दशशीलको साथसाथै खेतवारी, काँचो मासु आदी ग्रहण

नगर्नु, दूत नबन्नु, खरीद बिक्रीबाट टाढा रहनु जस्ता ससाना शील पर्दछन्। त्यसै मध्यम शील, अन्तर्गत बोट विरूवा विउ बिजनको नाश नगर्नु, आवश्यक भन्दा बढी बस्तुको संग्रह नगर्नु, नाचगान बाजा जुवा प्रतियोगिता जस्ता मनोञ्जनकार्यबाट टाढा रहनु, विलासी विछ्यौना प्रयोग नगर्नु, शरीरलाई आकर्षण तथा सुन्दर पार्न प्रयोग गरिने श्रृङ्गारका साधनहरू प्रयोग नगर्नु उँभो नलाग्ने कथा गफ वादविवाद आदीमा समय खेर नफाल्नु, राजादेखि प्रजासम्म को दूत बन्नेकार्य नगर्नु इत्यादि पर्दछन्। उहाँले भन्नु भयो- महाशील अन्तर्गत - शरीरको अङ्ग हेरेर, विजुली चम्केको हेरेर, काग कराएको सुनेर, मुसाले काटेको टोकेको हेरेर, घरवारीको माटो हेरेर गुणदोष भविष्य बताउने कार्य नगर्नु आदि पर्दछन्। त्यस्तै सवै प्रकारका होम गर्ने विद्या, मसान विद्या, भूत विद्या, सर्प वृष्चिक आदिले टोकेमा मन्त्रद्धारा निको पार्ने विद्या, राजादेखि प्रजासम्म सवैको हरेक कार्यमा साइत जुराउने विद्या, विवाहको लग्न तोक्ने, वीर हेर्ने, भाकल गर्ने, खरीद विक्री तथा सपथग्रहणको साइत निकाल्ने आदि कुनै पनि कार्य नगर्नु महाशील अन्तर्गत पर्दछन्।

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य**

क्र.सं. ३७७
रूप शोभा बनिया,
इटुं बहाल, काठमाडौं
रू. १००५/

क्र.सं. ३७८
मिठाइ काजी कंसाकार
४५/८२ कमलादी,
काठमाडौ
रु. १०१०/-

क्र.सं. २७९
श्रीमती केशरी शोभा कंसाकार
४५/८२ कमलादी, काठमाडौं
रु. १०१०/-

# आर्य अष्टाङ्ग मार्ग

चिनाखँ

बुद्ध अति अःपुक कंगु
प्यंगू सत्य खः भ्रीसं ब्वनागु
दुःख, दुःखया कारण दु
दुःख मदयेकेया नापं
लँपुनं दु च्यागु त्वाथः दुगु ।
न्हापांगु त्वाथः सम्यक् दृष्टि
प्यंगु सत्य बांलाक खनेगु
जि-जिगु धैगु छुंहे मदुगु
अनित्य, दुःख, अनात्म खनेगु ।
निगूगु सम्यक् संकल्प
अहित सुइगु, यायेमखु
हीतया निम्तिं जीवन काछिं
संकल्प यानाः न्ह्यायेगु ।
स्वंगूगु खः सम्यक् वाक्
मभिंतुनाः खँ मल्हायेगु
खँ जुइमाः सकसियां भिंज्वीगु
नुगलय् स्याक्क खँ मल्हायेगु ।
प्यंगूगु सम्यक् कर्मान्त
खँ ल्हाःथें ज्यानं यायेगु
तर सुइतं मभिं मज्वीगु
मबीकं सुइगुं मकायेगु ।
न्यागुलिइ सम्यक् व्यायाम
मभिंज्या मयायेगु कुतः
भिंज्या यायेगु कुतः खः ।
खुगूगु सम्यक् आजीव
थःगु स्वार्थ पूर्तिया निम्तिं
कर्पिन्त स्यनेफुगु छुं नं
मीगु मयायेगु सामाननं ।
न्हयगूगु सम्यक् स्मृति
काय व वेदनानुस्मृति,
चित्त व धर्मानुस्मृति नापं
संसारया अनित्य धर्म
थ्व स्वभाव लुमंकेगु खः ।
च्यागूगु त्वाथः खः सम्यक् समाधि
बुद्ध कना थकूगु ध्यान हे
सम्यक् समाधि खः वहे
सत्य खः थ्व मध्यम् लँपु ।
सदां मनय् तयाः न्ह्याये
सुख सी दइ अनन्त तक्क
जुइ अले निर्वाण प्राप्त ।।✿।।

-राजा बज्राचार्य
युवा बौद्ध समूह, यें ।

## धर्मकीर्ति विहारमा र यस विहारका शाखाहरूमा
## रहनु भएका गुरुमांहरू
## धर्मकीर्ति विहार, श्रीघः नःघल

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम र थर | जन्मस्थान | शिक्षा | कैफियत (हाल रहनु भएको स्थान) |
|---|---|---|---|---|---|
| १. | दो गुणवती गुरुमां | मा खें तै | म्यानमार | शासन धज धम्माचरिय | धर्मकीर्ति विहार, नेपाल |
| २. | रत्न मञ्जरी गुरुमां | नानी मैया श्रेष्ठ | चैनपुर | वरिष्ठ आचार्य (विपश्यना भावना) | धर्मकीर्ति विहार, नेपाल |
| ३. | धम्मवती गुरुमां | गणेश कुमारी शाक्य | ललितपुर | शासन धज धम्माचरिय | धर्मकीर्ति विहार, नेपाल |
| ४. | धम्मदिन्ना गुरुमां (चमेली गुरुमां) | चमेली शाक्य | ललितपुर | परियत्ति सद्धम्म कोविद | धर्मकीर्ति विहार, नेपाल |
| ५. | अनुपमा गुरुमां | मानशोभा शाक्य | ललितपुर | पयरियत्ति सद्धम्म कोविद | धर्मकीर्ति विहार, नेपाल |
| ६. | पञ्ञावती गुरुमां | विन्द्रा मानन्धर | वनेपा | वि.ए. अध्ययन | ताइवान |
| ७. | जवनवती गुरुमां | सिद्धि बज्राचार्य | काठमाडौं | धम्माचरिय अध्ययन+आई.ए. अध्ययन | पण्डिताराम, म्यानमार |
| ८. | संघवती गुरुमां | चन्द्र प्रभा बज्राचार्य | तानसेन | बुद्ध शिक्षा अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| ९. | केशावती गुरुमां | गुणकेशरी शाक्य | ललितपुर | आई.ए. अध्ययन | श्रीलंका |
| १०. | खेमावती गुरुमां | गुण लक्ष्मी महर्जन | काठमाडौं | आई.ए. अध्ययन | थाइलैण्ड |
| ११. | मोलिनी गुरुमां | | वर्मा ताउँजी | पि.एच.डि.अध्ययन | बुद्धगया, भारत |
| १२. | धम्मविजया गुरुमां | ज्ञानहेरा तुलाधर | काठमाडौं | पि.एच.डि. अध्ययन | बुद्धगया, भारत |
| १३. | दानवती गुरुमां | रत्नमाया महर्जन | बलम्बु | बुद्ध शिक्षा अध्ययन | म्यानमार |
| १४. | त्यागवती गुरुमां | पञ्चमाया महर्जन | बलम्बु | बुद्ध शिक्षा अध्ययन | म्यानमार |
| १५. | पुण्यवती गुरुमां | रमीता महर्जन | बलम्बु | बुद्ध शिक्षा अध्ययन | श्री लंका |
| १६. | मेत्तावती गुरुमां | सानुमाया श्रेष्ठ | बलम्बु | बुद्ध शिक्षा अध्ययन | श्री लंका |
| १७. | नन्दावती गुरुमां | रविना महर्जन | काठमाडौं | अचीधाँ अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| १८. | इन्दावती गुरुमां | उर्मीला बज्राचार्य | काठमाडौं | प.स.पा. अन्तिम वर्ष अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| १९. | जयवती गुरुमां | मंगल देवी शाक्य | ललितपुर | परियत्ति सद्धम्म कोविद | धर्मकीर्ति विहार, नेपाल |
| २०. | वीर्यवती गुरुमां | सुशीला मानन्धर | काठमाडौं | एम.ए. | धर्मकीर्ति विहार, नेपाल |
| २१. | सुभवती गुरुमां | थाकुरीमाया तामाङ्ग | धादिङ्ग | कक्षा ११ अध्ययन+प.स.पा. अन्तिमवर्ष अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २२. | ध्यानवती गुरुमां | जुनी महर्जन | बनेपा | नौ कक्षा अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २३. | रमावती गुरुमां | रञ्जना महर्जन | बलम्बु | कक्षा ११ अध्ययन+प.स.कोविद प्रथमवर्ष अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २४. | सुरमावती गुरुमां | रश्मी महर्जन | बलम्बु | कक्षा ११ अध्ययन+प.स.पा. अन्तिमवर्ष अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २५. | सुची गुरुमां | कल्पना शाक्य | ललितपुर | कक्षा ११ अध्ययन+प.स.पा. द्वितीयवर्ष अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २६. | भद्रावती गुरुमां | मीरा डंगोल | काठमाडौं | आई.ए. अध्ययन + बुद्धशिक्षा अध्ययन | थाइलैण्ड |
| २७. | सुपभावती गुरुमां | उमाक्रोइ मोग | त्रिपुरा, भारत | कक्षा आठ अध्ययन | धर्मकीर्ति विहार, नेपाल |
| २८. | सुप्पियावती गुरुमां | प्रिया मोग | त्रिपुरा, भारत | कक्षा आठ अध्ययन | धर्मकीर्ति विहार, नेपाल |

## धर्मकीर्ति विहारका शाखाहरू

(क) पद्मकीर्ति विहार कमलपोखरी

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम र थर | जन्मस्थान | शिक्षा | कैफियत (हाल रहनु भएको स्थान) |
|---|---|---|---|---|---|
| १. | पञ्ञा गुरुमां (कमला गुरुमां) | कमला राजकर्णिकार | काठमाडौं | वि.ए. | पद्मकीर्ति विहार |
| २. | करुणावती गुरुमां | मैया महर्जन | ललितपुर | आठ कक्षा अध्ययन+ प.स. कोविद प्रथम वर्ष अध्ययन | पद्मकीर्ति विहार |
| ३. | पभावती गुरुमां | हामफोइरोम उचाई | त्रिपुरा, भारत | बुद्ध शिक्षा अध्ययन | पद्मकीर्ति विहार |

(ख) सुलक्षण कीर्ति विहार, चोभार

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम र थर | जन्मस्थान | शिक्षा | कैफियत (हाल रहनु भएको स्थान) |
|---|---|---|---|---|---|
| १. | अनोजा गुरुमां | शारदा मानन्धर | बनेपा | पि.एच.डि+प.स.कोविद | सुलक्षण कीर्ति विहार |
| २. | सुनन्दावती गुरुमां | वाशु मानन्धर | बनेपा | आठ कक्षा अध्ययन+बुद्ध शिक्षा अध्ययन | श्रीलंका |
| ३. | अणुला गुरुमां | रामदेवी महर्जन | गुरुजुधारा, बलम्बु | दश कक्षा अध्ययन,प.स.पा.तृतीय वर्ष अध्ययन | सुलक्षण कीर्ति विहार |
| ४. | अतुला गुरुमां | रीता महर्जन | गुरुजुधारा, बलुम्बु | नौकक्षा अध्ययन, प.स.पा.तृतीय वर्ष अध्ययन | सुलक्षण कीर्ति विहार |
| ५. | अम्बीका गुरुमां | अम्बीका मानन्धर | काठमाडौं | आई.ए.अध्ययन+बुद्ध शिक्षा वि.ए. | म्यानमार |
| ६. | रुफान गुरुमां | नीमा महर्जन | काठमाडौं | दश कक्षा अध्ययन | ताइवान |
| ७. | रुजेन गुरुमां | सानु महर्जन | काठमाडौं | आई.ए.अध्ययन | ताइवान |

(ग) धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा डोल

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम र थर | जन्मस्थान | शिक्षा | कैफियत (हाल रहनु भएको स्थान) |
|---|---|---|---|---|---|
| १. | ध्रजवती गुरुमां (कुसुम गुरुमां) | कुशुम शाक्य | ललितपुर | एम.ए.+प.स.कोविद | धर्मकीर्ति वसुन्धरा विहार |
| २. | पद्मावती गुरुमां | कृष्ण देवी महर्जन | काठमाडौं | बुद्ध शिक्षा अध्ययन | धर्मकीर्ति वसुन्धरा विहार |

(घ) गौतमी विहार, लुम्बिनी

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम र थर | जन्मस्थान | शिक्षा | कैफियत (हाल रहनु भएको स्थान) |
|---|---|---|---|---|---|
| १. | सुजाता गुरुमां | सुजाता शाक्य | ललितपुर | एम.ए.+प.स.कोविद सहायक आचार्य (विपश्यना भावना) | गौतमी विहार लुम्बिनी |
| २. | खमेसी गुरुमां | रामकुमारी महर्जन | कीर्तिपुर | ७ कक्षा अध्ययन+प.स.कोविद | गौतमी विहार लुम्बिनी |
| ३. | हेमावती गुरुमां | हेरामाया डंगोल | काठमाडौं | बुद्ध शिक्षा अध्ययन | गौतमी विहार लुम्बिनी |

### अस्पताललाई आठ शय्या सहयोग

भक्तपुर, असार ५ । आफ्ना स्वर्गबासी मातापिताको स्मृतिमा काठमाडौं महानगरपालिका वडा नं. ८ मैतीदेवी टंगालका नरेन्द्रध्वज जोशी र सुरेन्द्रध्वज जोशीले भक्तपुर क्यान्सर केयर सेन्टर (कयान्सर अस्पताल) लाई करिब ८० हजार मूल्य बराबरको आठ शय्या अनुदानस्वरूप प्रदान गर्नुभएको छ । नरेन्द्रध्वज जोशीले बुधबार उक्त शय्या निर्माणाधीन अस्पतालको नयाँ तला बनिसकेपछि प्रयोगमा ल्याइने अस्पतालका प्रशासकीय अधिकृत राजाराम तजलेले बताउनुभयो । अस्पतालले हाल २४ शय्याबाट क्यान्सर बिरामीलाई अन्तरंग सेवा दिइरहेको छ । *साभार : स्पेशटाइम*

### नेत्रहीनहरू शतप्रतिशत उत्तीर्ण

**काँकरभिट्टा, (नेस)**

झापा जिल्लाबाट २०५८ को एसएलसी परीक्षामा सामेल भएका नेत्रहीनहरू उत्कृष्ट अंक ल्याएर शतप्रतिशत उत्तीर्ण भएको कुरा नेत्रहीन संघ झापा जिल्ला समितिले जनाएको छ । नेपाल नेत्रज्योति संघ झापाका सचिव दीपक थापाका अनुसार महेन्द्ररत्न मावि अनार मनीका चन्द्र भट्टराई, शहीद दशरथ मावि चारआलीका हेमप्रसाद नेपाल र बुद्ध आदर्श मावि बुधबारेकी जीवनकुमारी गौतम २०५८ को एसएलसी परीक्षामा सामेल भएका थिए । ती परीक्षार्थिमध्ये चन्द्र भट्टराई प्रथम श्रेणीमा तथा हेमप्रसाद नेपाल र जीवनकुमारी गौतम द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । झापामा नेत्रहीनहरूलाई अध्ययन गराउने छुट्टै व्यवस्था नभएका कारण उनीहरू सरकारी विद्यालयहरूमा नै अध्ययन गर्दै आएका छन् भने उच्च शिक्षाको लागि पनि कुनै व्यवस्था हुनसकेको छैन ।

### आत्माको शुद्धीकरण नभई समाज अगाडि बढ्न नसक्ने

काभ्रेपलाञ्चोक, बैशाख २४ । द रेयुकाई नेपालका राष्ट्रिय अध्यक्ष शोभा जोशीले विश्वमा शान्ति र भ्रातृत्व कायम गर्न स्थापना भएको रेयुकाई सामाजिक विकासमा समेत सक्रिय रहँदै आएको बताउनुभएको छ । निर्माणाधीन बीपी राजमार्ग अन्तर्गत पातलेखेत हनुमान माध्यमिक विद्यालयको नवनिर्मित पाँचकोठे भवनको सोमबार उद्घाटन गर्ने क्रममा अध्यक्ष जोशीले संस्थाले मुलुकका विभिन्न स्थानमा सेवामूलक परियोजना सञ्चालन भइसकेको बताउनुभयो । उहाँले रेयुकाई शिक्षाले मानवीय भावनालाई परिवर्तन गराउने चर्चा गर्दै आत्माको शुद्धीकरण नभई समाज अघि बढ्न गाह्रो पर्ने उल्लेख गर्नुभयो । *साभार : टाइम्स*

### धामी-झाँक्रीमा आएको परिवर्तन
### तालिम लिएकाहरू भन्छन्- अब त आफैंलाई विश्वास लाग्दैन

**-खेमप्रसाद बोलखे**

हेटौंडा, बैशाख २३ । चेतना जगाउने उद्देश्यले धामी-झाँक्रीलाई स्वास्थ्यसम्बन्धी तालिम दिन बोलाउँदा अधिकांशले अन्य ठाउँबाट आएका झाँक्रीहरूसँग प्रतिस्पर्धा गर्नुपर्छ भनी आफ्ना झारफुक गर्ने सम्पूर्ण सामग्री बोकेर कार्यक्रम स्थलमा उपस्थित भए । आयोजकहरूले यो धामी-झाँक्रीको प्रतिस्पर्धा नभई उनीहरूका लागि सञ्चालित स्वास्थ्यसम्बन्धी तालिम भएको बताएपछि ती धामी-झाँक्रीहरू अचम्ममा परेका थिए । नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाद्वारा सरिखेत गाउँ विकास समितिमा सञ्चालित स्वास्थ्यसम्बन्धी तालिममा धामी-झाँक्रीहरू प्रतिस्पर्धाका लागि साथमा ढ्यांग्रो, मालालगायतका आवश्यक सामानहरू बोकेर उपस्थित हुने गरेको रेडक्रसका राजेश श्रेष्ठले बताउनुभयो ।

भूत-प्रेत, अन्धविश्वास र रुढीवादी परम्पराबाट ग्रस्त मकवानपुरका दुर्गम गाविसका अधिकांश जनताले जस्तोसुकै रोगको उपचार गरे पनि धामी-झाँक्रीबाट गराउँदा अकालमा नै मृत्युवरण गरिरहेका छन् । यस्तै तथ्यलाई मध्यनजर गर्दै रेडक्रसले सामुदायिक विकास कार्यक्रमअन्तर्गत धामी-झाँक्रीलाई स्वास्थ्यसम्बन्धी तालिम दिने गरेको बताइएको छ । धामी-झाँक्रीलाई एकै स्थानमा भेला गराई स्वास्थ्यसम्बन्धी र औषधोपचारका बारेमा जनचेतनामूलक तालिम दिएपछि हाल उनीहरूले आफूकहाँ झारफुक गर्न आउने बिरामीलाई लक्षण हेरेर आवश्यक सल्लाहका साथ उपचारका लागि स्वास्थ्यसंस्था पठाउने गरेको कुरा रेडक्रस मकवानपुर शाखाका निवर्तमान सभापति गोविन्दप्रसाद खतिवडाले बताउनुभयो ।

स्वास्थ्यसम्बन्धी तालिम लिएका सरिखेत गाविसका झाँक्री तिलकबहादुर प्रजा हाल आफूकहाँ आउने बिरामीको सन्तुष्टिका लागि झारफुक गरेझैं गरी स्वास्थ्यकेन्द्र जान सल्लाह दिने गरेको बताउँछन् । उनी भन्छन्- धामी-झाँक्रीमा मलाई नै विश्वास लाग्न छोडेको छ । परम्परागत धामी-झाँक्री र भूतप्रेतमा विश्वास राख्ने अर्का झाँक्री कर्णबहादुर प्रजा स्वास्थ्यसम्बन्धी तालिम लिएपछि घरमा जीवनजल र सिटामोलजस्ता औषधिहरू राखेर बिरामीहरूका लागि सामान्य उपचार

गर्न थालेको बताउँछन् । ज्वरो आएको र झाडापखाला लागेको बिरामीलाई आफैंले औषधि खुवाएर निको पार्ने तथा गम्भीर प्रकृतिका रोग लागेको बिरामीलाई स्वास्थ्यकेन्द्र लैजाने सल्लाह दिने गरेको उनले बताए ।

झारफुकबाट ठीक हुन्छ भनी धामी-झाँक्रीहरूले बिरामीलाई अनावश्यक शिक्षा दिने गरेर ग्रामीण क्षेत्रमा धेरै व्यक्तिहरूले अनाहकमा ज्यान गुमाउनु परिरहेको अवस्थामा रेडक्रसले स्वास्थ्यसम्बन्धी तालिम दिएपछि गाउँमा अकाल मृत्युदरको संख्यामा कमी आएको सरिखेत गाविसका अध्यक्ष लालबहादुर थापाले बताउनु भयो । तालिम लिनुअघि धामी-झाँक्रीहरू स्वास्थ्यकर्मीलाई आफ्नो शत्रु ठान्थे र बिरामीलाई स्वास्थ्यकेन्द्रमा पठाउन चाहँदैनथे तर अहिले उनीहरू नै बिरामीलाई स्वास्थ्यकेन्द्रमा उपचारका लागि पठाउने र स्वास्थ्यकर्मीहरूसँग परामर्श लिन थालेका छन् । *साभार : हिमालय टाइम्स*

## सिलान्यास समारोह

२०५९ आषाढ १२ गते । स्थान गण महाविहार, काठमाडौं ।

गण महाविहारको प्राङ्गणमा परियत्ति शिक्षा भवन निर्माणार्थ शिलान्यास समारोह सम्पन्न भएको समाचार छ । काठमाडौं महा नगरपालिकाका मेयर केशव स्थापितद्वारा सिलान्यास गरिएको सो समारोहमा पञ्चशील प्रार्थना र भिक्षुसंघको तर्फबाट परित्राण पाठ गरिएको थियो । गण महाविहार परियत्ति शिक्षा भवन निर्माण समितिका अध्यक्ष भिक्षु सोभितले यस भवन निर्माण गर्नुपर्ने आवश्यकता र कारण उल्लेख गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने वडा अध्यक्ष हरिकृष्ण डंगोलले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । थाई राजदूतको पनि उपस्थिती रहेको उक्त समारोहमा प्रमुख अतिथी केशव स्थापितले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थि यो ।

## साप्ताहिक कार्यक्रम संचालन

स्थान : बोधिसत्त्व विहार, चैनपुर संखुवासभा
मिति : २०५९ जेठ १२ ।

श्री चन्द्र ज्योती शाक्यको संयोजकत्त्वमा साप्ताहिक कार्यक्रम संचालन गरी शील प्रार्थना बुद्धपूजा र धर्म देशना गरिएको समाचार छ । यसरी नै चैत्यको प्रांगणमा प्रदीप पूजा, पाल्टेन ल्हाक्पा लामाले बौद्ध झण्डा उद्घाटन, शान्तिपद यात्रा र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

यसरी नै जेठ १३ गते बौद्ध महिला संघको १७ औं वार्षिक उत्सव वारे अध्यक्ष श्री सुमना देवी शाक्यको संयोजकत्त्वमा विभिन्न कार्यक्रम सम्पन्न गरी बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ । श्री सरस्वती शाक्यले उद्घोषण गर्नु भएको उक्त कार्यक्रममा प्रवचन गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो - कुल देवी शाक्य, तारा देवी शाक्य, कूलसम शाक्य, सोबिया ताम्राकार, यशोदा शाक्य, छत्र कुमारी शाक्य, सिद्धी लक्ष्मी शाक्य, दिलकुमारी शाक्य, चन्द्र ज्योती शाक्य आदि ।

## धर्मशीला बुद्ध विहारमा धर्मदेशना

मिति : २०५९।२।२६

रुपन्देही जिल्लाको माडी बौद्ध विहारका श्रामणेर हरूको पठन पाठनको सहयोगार्थ भिक्षु जटिलको नेतृत्वमा भिक्षु, श्रामणेर र अनगारीकाहरू गरी जम्मा २४ जनाको एक टोली पोखराको विभिन्न क्षेत्रहरूमा जेष्ठ २२ गते देखि भिक्षाटन कार्यक्रम संचालन गरिएको समाचार छ ।

भिक्षाटनको संग संगै समय मिलाएर ठाउँ ठाउँमा धर्मदेशना पनि गरिएको उक्त कार्यक्रममा जेष्ठ २५ गते शनिबार धर्मशीला बुद्ध विहारमा भिक्षु जटिलले शिल पालन गर्दा मानिसलाई हुने फाईदा र भंग हुदा हुने बेफाइदा बारे विभिन्न उदाहरण दिएर ब्याख्या गर्नु भयो ।

## चैत्य प्रतिस्थापन

मिति : २०५९ जेठ १७, स्थान सम्यक बोधि आश्रम समल, कीर्तिपुर ।

बौद्ध जागरण समिति कीर्तिपुरको आयोजनामा नव निर्मित चैत्य प्रतिस्थापनाको सिलसिलामा एक कार्यक्रम आयोजना गरिएको समाचार छ । उक्त समारोहमा ज्ञानमाला भजन र चेतनमालाका गीतहरू गाइएको थियो । भिक्षु कौण्डञ्ञको नेतृत्त्वमा बुद्ध पूजा संचालन गरिएको उक्त कार्यक्रममा रत्न मञ्जरी गुरुमांले चैत्य निर्माणका लागि आर्थिक सहयोग गर्नुहुने उपासक उपासिका एवं संघ संस्थाहरूलाई प्रशंसा पत्र प्रदान गर्नु भएको थियो । रत्न मञ्जरी गुरुमांको तर्फबाट धर्मदेशना पछि यस कार्यक्रमको उपलक्षमा प्रकाशित श्री रामसुरविरले लेख्नुभएको पुस्तक "चतु आर्य सत्य" वारेमा अनोजा गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

युवा बौद्ध समूह काठमाडौंका सल्लाहकार श्री हर्षमुनि शाक्य र ज्यापु महागुथिका केन्द्रिय अध्यक्ष श्री विपिन्द्र महर्जनले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएपछि बौद्ध जागरण समिति कीर्तिपुरका सदस्य श्री शम्भुराम महर्जनले "चतुआर्य सत्य" पुस्तक प्रकाशनको लागि मुद्रित आयव्यय र दाताहरूको नामावली पढेर सुनाउनु भएको थियो ।

बौद्ध जागरण समिति कीर्तिपुरका अध्यक्ष रामसुरविरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन

गरिएको उक्त समारोहमा सहभागी भएका सबैलाई जलपान र भिक्षु गुरुमाँहरूलाई भोजनको पनि व्यवस्था गरिएको थियो ।

### बुद्ध अस्तिधातु प्रदर्शन

स्थान : नगरमण्डप श्री कीर्तिविहार, कीर्तिपुर ।

शाक्यमुनी बुद्ध र यशोधरा थेरीको पवित्र अस्थिधातु नेपालका लागि थाइलैण्डका राजदूत पाउथेप भानचिन्दाले अनावरण गरी श्रद्धा व्यक्त गरेको समाचार छ ।

थाइलैण्डका राजगुरु सोमदेच फ्रा ञाणसंवरको सौजन्यबाट केही वर्ष अघि विहारलाई उपहार स्वरूप प्राप्त सो पवित्र अस्थिधातु असार १० गते दिनभर दर्शनको लागि राखिएको थियो । उक्त अवसरमा राजदूत भानचिन्दाले भिक्षु विपस्सी धम्मारामोबारा अनूदित त्रिपिटकको "थेरी अपदान" ग्रन्थ विमोचन गर्नु भएको थियो । उक्त अवसरमा भिक्षु सुदर्शन महास्थविरले पवित्र अस्तिधातुको महत्त्व वारे प्रकाश पार्नु भएको थियो ।

### विदाई समारोह

नेपालका लागि श्री लंकाका राजदूत श्रीमती पामेला जे डिन आफ्नो पाँचवर्षे कार्यकाल समाप्त गरी फर्किन लाग्नु भएको अवसरमा बुद्ध जयन्ती समारोह समिति र आनन्दकुटी विहार गुठीको संयुक्त तत्त्वावधानमा एक विदाई समारोहको आयोजना गरिएको समाचार छ । उक्त अवसरमा राजदूत डिनले बौद्ध धर्मको कारणबाट श्री लंका र नेपाल विच घनिष्ट सम्बन्ध रहेको विषयमा उल्लेख गर्नुभयो । राष्ट्रिय सभाका सदस्य लक्ष्मीदास मानन्धर, बुद्ध जयन्ति समारोह समितिका मूल सचिव गौतम शाक्यले बुद्ध धर्मको विकासमा श्रीलंकाको देन विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त अवसर मा भिक्षु अनिरुद्ध महास्थविरले आनन्दकुटी विहारको तर्फबाट बुद्धको मन्दिर भिक्षु कुमार काश्यपले (मायादेवी मन्दिर) को दृश्य भएको चाँदी र स्वर्ण अंकित तस्वीर उपहारस्वरूप प्रदान गर्नुभएको थियो । त्यसरी नै स्वयम्भू व्यवस्थापन महासमितिका सहसचिव महेन्द्र बुद्धाचार्य, आनन्दकुटी दायक सभाका अध्यक्ष तीर्थनारायण मानन्धर, भिक्षु भिक्षुणीहरू लगायत उपासक उपासिकाले राजदूत पामेलालाई विदाई स्वरूप उपहार प्रदान गरेका थिए ।

### बुद्ध शिक्षानुसार दिवंगत व्यक्तिको जन्मोत्सव मनाउने चलन छैन ।

कुनै पनि व्यक्तिको मृत्यु पश्चात् उसको जन्म दिन अर्थात् जन्म जयन्ति मनाउने चलन त्यति सान्दर्भिक देखिदैन । त्यसैले होला बुद्ध शिक्षा अनुसार जन्म जयन्तीलाई मान्ने चलन छैन । दिवंगत व्यक्तिको दिवंगत भएको तिथीलाई लिएर उसको गुण अनुस्मरण दिवस मनाउने चलन भने बुद्ध शिक्षानुसार चलन चल्तीमा आइरहेको नै देखिन्छ । यही चलन अनुसार बुद्ध पूर्णिमाको दिन बुद्धको गुण अनुस्मरण गरी उहाँको महापरिनिर्वाण दिवस मनाउँदै आइरहेको छ । यसपाली मनाइएको २५४६ औं बुद्ध पूर्णिमा महोत्सव पनि बुद्धको जन्मदिनको रुपमा मनाइएको कदापि होइन । बुद्ध गुण स्मरण गर्दै उहाँको परिनिर्वाण भएको तिथी अनुसार परिनिर्वाण दिवस मनाइएको हो । स्मरणिय छ, बैशाख पूर्णिमाको दिनमा नै सिद्धार्थ गौतमको जन्म, बुद्धत्त्व प्राप्ती र परिनिर्वाण समेत गरी त्रिसंयोग जुडेको छ । त्यसैले पनि होला धेरै जसो व्यक्तिहरू भ्रममा परी बुद्ध परिनिर्वाण दिवसलाई "बुद्ध जयन्ती" शब्द प्रयोग गरीरहेका देखिन्छन् । आइन्दा यस भ्रम निवारण हुनेछ भनी आशा गर्दछौं । - प्रधान सम्पादक

## अभिधर्म पाठ

मिति : २०५९ श्रावण ४ देखि १० गते सम्म
समय : विहान ७ बजे देखि ९ बजे सम्म
स्थान : धर्मकीर्ति विहार श्रीघ: न:घल टोल ।

पूज्य धम्मवती गुरमांको ६८ औं जन्म उत्सवको उपलक्षमा गुरुमांको दिर्घायु र निरोगी कामना गर्दै भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम संचालन भइरहेको छ ।

साप्ताहिक अभिधर्म पाठ कार्यक्रम यसरी रहेको छ ।

| | | |
|---|---|---|
| **२०५९ श्रावण ४ गते** | - | **धम्मसङ्गणि** |
| **२०५९ श्रावण ५ गते** | - | **विभङ्ग** |
| **२०५९ श्रावण ६ गते** | - | **धातुकथा** |
| **२०५९ श्रावण ७ गते** | - | **पुग्गल पञ्ञति** |
| **२०५९ श्रावण ८ गते** | - | **कथावत्थु** |
| **२०५९ श्रावण ९ गते** | - | **यमक** |
| **२०५९ श्रावण १० गते** | - | **पट्ठान** |

श्रद्धालु धर्मप्रेमी श्रोतावर्गलाई कार्यक्रममा सहभागी हुन अनुरोध गरिएको छ ।

### बुद्ध पूर्णिमा महोत्सव

ढीला प्राप्त भएको समाचार अनुसार २५४६ औं बुद्ध पूर्णिमा महोत्सव विभिन्न स्थानहरूमा यसरी मनाइएको समाचार छ-

स्थान - सागाँ छयोलिङ गुम्बा, सिद्धकाली ३ पोखरी । पल्टेन ल्हाक्पा लामा बमबहादुर लामा, लाल बहादुर लामा, दाक्षिरिङ लामा, देवान सिं लामा र अन्य धर्म प्रेमीहरूको समुपस्थितीमा गुम्वामा पूजा पाठ गरी भव्यताका साथ बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको छ ।

# साधुवाद



## धम्मवती गुरुमां

### शासन धज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित

धम्मवती गुरुमांको ६८ औं शुभ जन्मोत्सवको उपलक्षमा धम्मवती गुरुमां स्वयंले धर्मकीर्ति पत्रिकाको वर्ष २० अंक ४ प्रकाशनको लागि आवश्यक आर्थिक व्ययभार व्यहोर्नु भएको छ । धर्मकीर्ति पत्रिका परिवारको तर्फबाट पुज्य गुरुमांको निरोगी, सुस्वास्थ्य र आध्यात्मिक शान्तिको कामना गर्दै साधुवाद प्रकट गर्दछौं ।

*धर्मकीर्ति पत्रिका परिवार ।*

स्थान - थथुवही विहार, मिति - जेठ २५ गते ।

२५४६ औं बुद्ध पूर्णिमाको उपलक्षमा मैत्रेय युवा संघ र अक्षेयश्वर महाविहार स्वास्थ्य केन्द्रको संयुक्त आयोजनामा नाक, कान, घाँटी विषयमा निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको छ । उक्त कार्यक्रममा आर्थिक सहयोग पुऱ्याउनु हुने दाताहरू यसरी उल्लेख गरिएका छन्-

नटराज ज्वेलर्स विशाल बजार - रु. ६०००/-, देव कर्नर परिवार नक्साल रु. ५०००/-, योगेन्द्र बज्राचार्य रु. १०००/-

रु. ५००/- दिई सहयोग गर्नुहुने दाताहरू -

भिक्षु धम्मशोभण महास्थविर, सुनचाँदी व्यवसायी संघ भक्तपुर, ओरेन्टल कोअपरेटिभ दुध पाटी भक्तपुर, विजय लक्ष्मी नियटवयर्स प्रा.लि. भक्तपुर, रत्नायन परिवार, ज्ञानेन्द्र शाक्य, कृष्ण चन्द्र बज्राचार्य आदि ।

रु. ३००/- दिई सहयोग गर्नुहुने दाताहरू-

भक्तपुर मिनिवस समिति, गणेश बज्र बज्राचार्य, राजेन्द्र शाक्य, आदि ।

रु. २००/- चन्दा दिई सहयोग गर्नुहुने दाताहरू-

स्वयम्भू रत्न बज्राचार्य, मच्छिन्द्र राज शाक्य, देव सुन्दर शाक्य, त्रिपुरा सुन्दरी, धर्म चन्द्र शाक्य आदि ।

रु. १००/- दिई सहयोग गर्नुहुने महानुभावहरू-

तीर्थ सुन्दर शाक्य, सम्यक शाक्य, पद्म सुन्दर शाक्य, नरेश मान बज्राचार्य, दिव्य राज बज्राचार्य, सप्तरत्न बुद्धाचार्य, विकास बज्राचार्य, दान रत्न शाक्य आदि ।

त्यसरी नै अन्य चन्दादाताहरू-

चन्दायन स्वीट्स रु. २५०/-, बाबुकाजी बज्राचार्य रु. २०२/-, इन्द्रकान्छा रु. ५०/-, विकास बज्राचार्य रु. ५०/-, चकना रु. २०/- आदि ।

यस कार्यक्रममा अमर दिप शाक्यको तर्फबाट निशुल्क औषधी उपलब्ध गराइएको थियो ।

## बुद्ध पूर्णिमा महोत्सव

मिति : २०५९ जेठ (६-१२) ।

स्थान : स्वयम्भू चैत्य महाविहार, धरान ।

ढीला प्राप्त भएको समाचार अनुसार, २५४६ औं वैशाख पूर्णिमाको उपलक्षमा श्री स्वयम्भू चैत्य महाविहार धरान १२ र सम्यक शिक्षा समूहको संयुक्त आयोजनामा आयोजित साप्ताहिक कार्यक्रममा शान्ति पदयात्रा, विहार सरसफाई, भजन, रक्तदान, अन्तर मा.वि. हाजिर जवाफ प्रतियोगिता, कल्पवृक्ष दान, बुद्धपूजा, नगर परिक्रमा, दिपावली आदि कार्यक्रमहरू संचालन गरिएको छ ।

## निर्वाचन तथा सपथ ग्रहण

मिति : २०५९ आषाढ १, स्थान - ललितपुर ।

राष्ट्रिय स्तरमा गठन भएको नेपाल बौद्ध परिषदको कार्यकारिणी समितिको दोश्रो निर्वाचन सम्पन्न भएको समाचार छ । उक्त निर्वाचनमा निर्वाचित व्यक्तिहरूको नाम र पद यसरी उल्लेख गरिएका छन् ।

अध्यक्ष- महीश्वर राज बज्राचार्य, उपाध्यक्ष- शान्त हर्ष बज्राचार्य, डा. लक्ष्मण शाक्य, महासचिव - वज्र आचार्य कनकद्वीप, सचिव- यू राज बज्राचार्य, कोषाध्यक्ष- मीन वहादुर बज्राचार्य, सहकोषाध्यक्ष- चन्द्र बहादुर बज्राचार्य, सदस्यहरू - पूर्णमान चित्रकार, धर्म 'निभा', सर्वज्ञराज बज्राचार्य, बाबुरत्न शाक्य आदि ।

निर्वाचित पदाधिकारीहरूलाई ने.बो.प. निर्वाचन अधिकृत श्री अनिल कुमार बज्राचार्यले एक समारोह विच परिषदको कार्यालय ल.पु.न:टोलमा शपथ ग्रहण गराउनु भएको थियो ।

## अंगुत्तर निकाय पुस्तक विमोचन

मिति : २०५९ असार १५

स्थान : बोधिचर्या विहार वनेपा ।

भिक्षु बोधिसेन द्वारा अनुवाद गरिएको धर्म ग्रन्थ अंगुत्तर निकाय प्रथम भाग बनेपाका मेयर सुरेन्द्र बाडेले विमोचन गर्नु भएको समाचार छ ।

स्मरणिय छ । त्रिपिटक अन्तरगतका धर्मग्रन्थहरू दीघ निकाय, मज्भिम निकाय र संयुक्त निकाय पहिला नै विमोचन भइसकेका छन् । उक्त कार्यक्रममा भिक्षु अश्वघोष र भिक्षु सुदर्शनले विमोचित पुस्तक विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने अनुवादक भिक्षु बोधिसेनले आफ्नो मन्तव्य ब्यक्त गर्नुहुँदै भन्नुभयो- "थुप्रै पुस्तकहरू काठमाडौंमा विमोचन भइसके । तर यस अंगुत्तर निकाय पुस्तकलाई वनेपामा विमोचन गर्न पाएको खण्डमा निशुल्क वितरण हुने यस पुस्तकलाई वनेपावासी उपासक उपासिकाहरूले पनि अध्ययन गर्ने मौका प्राप्त गर्नेछन् भन्ने उद्देश्य लिई यस पुस्तकलाई बनेपामा विमोचन गरिएको हो ।"

बिमोचित पुस्तक अंगुत्तर निकाय कार्यक्रममा सहभागी भएका सबैलाई निशुल्क वितरण गरिएको थियो ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८